सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका


nayapatrikadaily.com

१७ माघ २०८०, बुधबार (31 Jan 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

विश्वव्यापी भ्रष्टाचार सूचकांकमा नेपालको सुधार

ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई आफ्नो सूचीमा समावेश गर्न थालेको २००४ यताको सूचकांकमा नेपाल सबैभन्दा बलियो स्थानमा

■ नेपालको भ्रष्टाचार सूचकांक (स्थान)



यो सूचीमा नेपाललाई सन् २००४ देखि समावेश गर्न थालिएको हो। तर, २०११ देखिका सूचकांकलाई मात्र औपचारिक रूपमा आधार मानिने गरेको छ।

सुवास भट्ट/नयाँ पत्रिका

विश्वव्यापी भ्रष्टाचार सूचकांकमा नेपालको स्थान २० वर्षयताकै सुधार भएको छ। ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई आफ्नो सूचीमा समावेश गर्न थालेको सन् २००४ यताको सूचकांकमा २०२३ मा नेपाल सबैभन्दा बलियो स्थानमा पुग्न सफल भएको हो।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले मंगलबार सार्वजनिक गरेको भ्रष्टाचार अनुभूति सूचकांक (सिपिआई) २०२३ अनुसार अघिल्लो वर्षको तुलनामा केही सुधार आएको छ। सिपिआई २०२२ मा नेपाल ११०औँ स्थानमा रहेकामा गत वर्ष त्यसमा सुधार भएर १०८औँ स्थानमा उक्लेको छ। तर, बढी भ्रष्टाचार हुने मुलुकहरूको श्रेणीबाट भने नेपाल बाहिरिन सकेको छैन। सिपिआई २०२३ मा नेपालले १०० मा ३५ अंक प्राप्त गरेको छ। अघिल्लो वर्ष सन् २०२२ मा नेपालको अंक ३४ थियो। एक अंक र दुई स्थानले नेपालको सुधार भएको छ।

दक्षिण एसियामा भुटानमा सबैभन्दा कम र अफगानिस्तानमा सबैभन्दा बढी भ्रष्टाचार

सूचकांकमा १०० अंकले अति स्वच्छ र ० अंकले अति भ्रष्ट जनाउँछ। विश्वका दुईतिहाइ मुलुकले ५० भन्दा कम अंक पाएका छन्। यसले ती देशमा भ्रष्टाचार गम्भीर समस्याको रूपमा रहेको सिपिआई प्रतिवेदनमा उल्लेख छ।

सूचकांकमा सन् २०२३ को औसत अंक ४३ गरिएको छ। त्यसभन्दा मुनिको अंक प्राप्त गर्ने मुलुकमा बढी भ्रष्टाचार भएको मानिन्छ। भिनो सुधार देखिए पनि नेपाल बढी भ्रष्टाचार हुने मुलुकमै दर्ज भएको छ। 'गत वर्षको तुलनामा नेपालको अंकमा यस वर्ष केही सुधार भए पनि भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमा यस वर्ष पनि नेपाल कायमै छ,' प्रतिवेदनमा भनिएको छ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालकी अध्यक्ष पद्मिनी प्रधानांग भ्रष्टाचार घटाउन धेरै सुधारको खाँचो रहेकाले भिनो सुधारबाट उत्साहित हुनुनपर्ने बताउँछिन्। 'यसपटक भिनो सुधार देखिएको छ। तर, विश्व परिदृश्य र समग्रतामा हेर्दा नेपाल

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ ६ प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेका सर्वेक्षणको आधारमा रिपोर्ट



प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाहरू बर्टेल्सम्यान फाउन्डेसन, ग्लोबल इनसाइट, भिडिइएम, विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम र वर्ल्ड जस्टिस प्रोजेक्टले प्रकाशित गरेका सर्वेक्षणलाई आधार मानेर सिपिआई २०२३ मा नेपालको स्कोर कायम गरिएको ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले उल्लेख गरेको छ। अघिल्लो वर्षको तुलनामा सन् २०२३ मा दुई मुख्य शीर्षकमा नेपालले सुधार गरेको देखिएको छ। राजनीतिक भ्रष्टाचारअन्तर्गत संसद्, कार्यपालिका र न्यायपालिका सम्बन्धित भ्रष्टाचारको व्यापकताको शीर्षकमा पाँच अंक र सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोगको शीर्षकमा एक अंकको सुधार देखिएको छ। यी दुई शीर्षकमा देखिएको सुधारले सिपिआई अंकमा एक अंकको सुधार देखिँदा सिपिआई स्थानमा नेपाललले दुई अंकको फड्को मार्न सफल भएको हो।

धेरै सुधारको खाँचो छ, उत्साहित हुनुपर्दैन



● **पद्मिनी प्रधानांग**, अध्यक्ष, ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल

यसपटक भिनो सुधार देखिएको छ। तर, विश्व परिदृश्य र समग्रतामा हेर्दा नेपाल भ्रष्टाचारले ग्रस्त मुलुक नै हो। पछिल्लो भुटानी शरणार्थीलगायत भ्रष्टाचार काण्डमा पूर्वमन्त्री, बहालवाला सचिवलगायत उच्चपदस्थ व्यक्ति कारबाहीमा परे। न्यायालयले पनि सन्तोषजनक न्यायसम्पादन गरेको देखियो। उच्चपदस्थले पदीय जिम्मेवारीअनुसार काम गर्दा र भ्रष्टाचारविरुद्ध राज्यका अंग कठोर हुँदा अन्तर्राष्ट्रिय सूचकांकमा सुधार हुने देखियो, तर यो अझै पर्याप्त छैन। राज्यका तीनै अंग र तीनै तहका सरकारमा धेरै सुधारको खाँचो छ। धेरै उत्साहित हुनुपर्दैन।

भ्रष्टाचार घटेको भन्दा पनि स्तर सुधारोन्मुख देखिएको अर्थमा बुझ्नुपर्छ



● **गणेशराज जोशी**, पूर्वआयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अंक र स्थानको सामान्य बढोत्तरीले विगतको तुलनामा भ्रष्टाचार सूचकांकमा सुधार देखिएको छ। यसलाई भ्रष्टाचार घटेको भन्दा पनि स्तर सुधारोन्मुख देखिएको अर्थमा बुझ्नुपर्छ। ५० भन्दा कम अंक प्राप्त गर्ने देशको सूचीमा भएकाले नेपाललाई भ्रष्टाचार बढी भएको नै मानिन्छ।

भ्याट छली मुद्दामा भाटभटेनी दोषी
डेढ अर्बभन्दा बढी तिर्नुपर्ने

सर्वोच्च अदालतको पूर्ण इजलासले मंगलबार गरेको ठहरसँगै भाटभटेनीले डेढ अर्ब रुपैयाँभन्दा बढी कर तथा जरिवाना बुझाउनुपर्ने


डा. कुमार चुडाल


टेकप्रसाद ढुंगाना


बालकृष्ण ढकाल

'खरिद र भुक्तानी भएको कुराको प्रमाण खरिदकर्ता (भाटभटेनी)ले पुऱ्याउनुपर्दछ। बिक्रेता भनिएका फर्म वा कम्पनीलाई पन्छाएर पुनरावेदक कम्पनीले दायित्वबाट उन्मुक्ति पाउने हुँदैन,' सर्वोच्चले यसअघि २८ पुस ०७६ मा गरेको फैसलामा भनेको छ। जसलाई मंगलबार न्यायाधीशहरू डा. कुमार चुडाल, टेकप्रसाद ढुंगाना र बालकृष्ण ढकालको पूर्ण इजलासले सदर गरेको छ।



● **दीर्घराज मैनाली**
महानिर्देशक,
आन्तरिक राजस्व विभाग

कर निर्धारण भएको सुरु मितिदेखिको ब्याज जोडिन्छ, उसले के-कति कर तथा जरिवाना तिर्नुपर्ने हो हामी हिसाब गरेर भोलि (बुधबार) नै सार्वजनिक गर्नेछौं। भ्याट छलीको एउटा ठूलो मुद्दा टुंगिएको छ।

कृष्ण रिजाल/नयाँ पत्रिका

मूल्य अभिवृद्धि कर (भ्याट) छलीसम्बन्धी हाइप्रोफाइल मुद्दामा भाटभटेनी सुपरमार्केट एन्ड डिपार्टमेन्ट स्टोर प्रालि दोषी ठहर भएको छ। सर्वोच्च अदालतको पूर्ण इजलासले यसअघि आफैंले गरेको फैसला मंगलबार सदर गर्दै भाटभटेनीले नक्कली भ्याटबिल बनाएर कर छलेको ठहर गरेको हो। यसबाट भाटभटेनीले कर, जरिवाना, थप दस्तुर तथा ब्याजसमेत गरी डेढ अर्ब रुपैयाँभन्दा बढी रकम राज्यलाई

» पृष्ठ २ मा क्रमशः




मीनबहादुर गुरुङ, सञ्चालक

यसरी भएको थियो भ्याट छलीको खुलासा

आन्तरिक राजस्व विभागको अनुगमन टोलीले १९ माघ ०६७ मा भाटभटेनीमा निरीक्षण गरेको थियो। सो क्रममा अनुगमन टोलीले कैफियत भेटेपछि अनुसन्धान सुरु गरेको थियो। विभागले भाटभटेनीबाट प्राप्त बिल, बिजक, खरिद खाता, बैंक स्टेटमेन्ट, लेजर, कम्पनीले पेस गरेको थप प्रमाण, सामान आपूर्ति गर्ने आपूर्तिकर्ताको बयान, तीन आपूर्तिकर्ताले पेस गरेको कर विवरण, विभिन्न आन्तरिक राजस्व कार्यालयबाट प्राप्त पत्रहरू छानबिन एवं विश्लेषण गर्दा कम्पनीको कारोबार कैफियत देखिएको थियो। अनुसन्धान र बयानका आधारमा ०६४ साउनदेखि ०६७ माघसम्मका लागि मूल्य अभिवृद्धि करतर्फ भाटभटेनीले देखाएको खरिद र सो कर बिजकबाट प्रालिले लिएको करकट्टीसम्बन्धी अनुसन्धान गर्दा बिल नक्कली भएको र कर छलिएको भेटिएको थियो। सोहीअनुसार कर कार्यालयले कर निर्धारण गरेको थियो। राजस्व अनुसन्धान विभागले पनि भ्याट छली प्रकरणमा अनुसन्धान गरिरहेको छ। विभागले चार वर्षअघि नै करिब एक हजार फर्ममाथि छुट तथा नक्कली भ्याट बिल खरिद-बिक्री गरी कर छलेको आशंकामा अनुसन्धान अघि बढाएको थियो। त्यसमा नक्कली बिलबिजक खरिद गरेर राजस्व छली गर्नेमा अस्पताल, खुद्रा तथा थोक बिक्रेता, जलविद्युत् कम्पनीदेखि बहुराष्ट्रिय कम्पनीसमेत रहेको देखिएको थियो।



कर्नर किक

● रवि मिश्र



हिउँदे अधिवेशनमा ४० विधेयकको गृहकार्य

नयाँ पत्रिका

सरकारले २२ माघबाट सुरु हुने संघीय संसद्को हिउँदे अधिवेशनमा ४० वटा विधेयक ल्याउने भएको छ। नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभन्दा अगाडि र पछाडि गरेर दुई चरणमा ४० वटा विधेयक संसद्मा पेस गर्ने सरकारको तयारी छ। संसद्कै अध्ययनले संविधान कार्यान्वयनका लागि महत्त्वपूर्ण ३९ वटा विधेयक अझै बन्न बाँकी रहेको प्रतिवेदन दिएका वेला सरकार बढीभन्दा बढी बिजनेस ल्याउने गृहकार्यमा जुटेको हो।

नीति तथा कार्यक्रमपूर्व र पछाडि गरी दुई चरणमा विधेयकहरू सदनमा पेस गरिने

मन्त्रालयहरूसँग समन्वय गरेर हिउँदे अधिवेशनको बिजनेस तय गर्न जुटेको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ४० विधेयकको रोस्टर प्रस्तुत गर्दै

» पृष्ठ २ मा क्रमशः

■ काँकडभिट्टा र गड्डाचौकीबाट मिटरब्याजपीडितको 'न्याय मार्च'

१५ दिनमा काठमाडौं पुगेर आन्दोलन गर्ने


काँकडभिट्टा



गड्डाचौकी

झापामा **चिरञ्जीवी घिमिरे** र कञ्चनपुरमा **मोहन विष्ट**

मिटरब्याजपीडितले पूर्वी सिमाना काँकडभिट्टास्थित मेची पुल र पश्चिममा कञ्चनपुरको गड्डाचौकीबाट 'न्याय मार्च' सुरु गरेका छन्।

मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिले पूर्वको मेची पुल र कञ्चनपुरको भीमदत्त नगरपालिका- ११ गड्डाचौकीस्थित (नेपाल-भारत) ७ नम्बर सीमा पिलरबाट एकैसाथ मंगलबार आन्दोलन सुरु गरेको हो। मिटरब्याजीविरुद्ध सुरु भएको यो आन्दोलनमा मिटरब्याजपीडित पैदल हिँडेर काठमाडौं पुग्ने संघर्ष समितिकी केन्द्रीय सदस्य लक्ष्मी घिमिरेले बताइन्। 'हामी (मेची पुलबाट) पैदल हिँडेर चितवन पुग्छौं। सुदूरपश्चिमबाट पनि साथीहरू चितवन आउनुहुन्छ,' उनले भनिन्, 'त्यहाँ भेला

» पृष्ठ २ मा क्रमशः

देश विकासका लागि राष्ट्रिय आत्मविश्वास जगाउनुपर्छ : ओली

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले देश विकासका लागि राष्ट्रिय आत्मविश्वास आवश्यक पर्ने बताएका छन् । उनले आक्रोश र उत्तेजनाबाट माथि उठेर सकारात्मक प्रयाससहित अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

'देश बनाउन राष्ट्रिय आत्मविश्वासको आवश्यकता छ । व्यक्ति-व्यक्तिको आत्मविश्वासबाट राष्ट्रिय आत्मविश्वास सिर्जना हुन्छ । हामीले राष्ट्रिय आत्मविश्वास जगाउनुपर्छ । निराशा, आक्रोश, उत्तेजना, दोष अरूमाथि थुपार्ने कुरा मात्र गरेर पुग्दैन,' मंगलबार 'संसद्मा केपी ओली' पुस्तक लोकार्पण कार्यक्रममा उनले भने, 'हामीले के सकारात्मक प्रयास गर्छौं ? राष्ट्रिय आत्मविश्वास कसरी जगाउँछौं, त्यसमा भर पर्छ ।'

नेपालमा अहिले काम गर्न सक्रिय उमेर समूहको जनसंख्या ६० प्रतिशत भएकाले देश बनाउने वेला आएको उनको भनाइ छ । सक्रिय उमेर समूहलाई देश निर्माणमा लगाउन नसके मुलुक भविष्यमा असफल राष्ट्र हुने खतरा रहेको ओलीले औंल्याए । 'अहिले देशमा काम गर्न सक्ने ६० प्रतिशतभन्दा बढी सक्रिय जनसंख्या छ । अलिक वर्ष हामीले केही गर्न सकेनौं भने ज्येष्ठ नागरिक संख्या बढी भएको, काम गर्नेभन्दा आश्रित भएर खानेको, उत्पादन गर्नेभन्दा उत्पादन खपत गर्ने बढी जनसंख्या भएको देश हुन्छ,' ओलीले भने, 'त्यसअघि देश विकास गरिएन भने राष्ट्र असफल हुने खतरा हुन्छ । हामीसँग समय हुनेछैन । त्यसकारण राष्ट्रिय उत्पादन कसरी बढाउने, सुशासन, पारदर्शिता, भ्रष्टाचारलाई कसरी न्यून गर्दै शून्यतिर झार्नेतिर ध्यान दिनुपर्छ ।'

ओलीले विगतमा आफूले आवश्यकताभन्दा बढी बोलेजस्तो महसुस भए पनि विचार र निष्ठामा भने कहिल्यै त्रुटि नरहेको आफ्नै सम्बोधनमाथि पनि केही समीक्षा गरे । 'संसद्मा बोल्दा, अन्यत्र बोल्दा जनता र देशप्रति निष्ठासहित बोलेको छु । अहिले आएर अलि सावधानीसहित बोल्नुपर्ने रहेछ भन्ने बोध हुँदै छ । होसियार भएर बोल्नुपर्ने रहेछ । मैले ड्याङड्याङ मिसाइल हान्दिएँ, तर अलिक त्यसको अर्थ सावधानीको मात्रै कमी हो, विचारमा, निष्ठामा त्रुटि होइन । मैले मिसाइल ठीक ठाउँमा ताकेरै हानेको छु, तर एक हान्दा पुग्ने ठाउँमा कहिलेकाहीं ५-७ हाने हुँला । तर विचार र नीतिमा त्रुटि छैन,' उनले भने ।

लोकतन्त्र जनताको जीवन परिवर्तनसँग नजोडिए असन्तुष्टिका कारण यसको अस्तित्व नै समाप्त हुन सक्नेतर्फ पार्टी र नेताहरू सचेत हुन नसकेको उनको भनाइ थियो । '०४८ देखि धेरैपल्ट भनेको छु, लोकतान्त्रिक प्रणाली पाइयो भनेर दसैंमा केटाकेटी खुसी भएजसरी खुसी भएर उफ्रियौं, तर गर्नुपर्ने काम गरेनौं भने सही ढंगले लोकतन्त्रलाई अगाडि बढाइएन भने, अर्थतन्त्र, जनताको जीवनसँग जोड्ने गरी बढ्न सकिएन भने फेरि लोकतन्त्रमाथि खतरा हुन सक्छ,' उनले भने, 'देश भावनाबाट चलाउन थालियो भने अनर्थ हुन्छ । देश भावनाले चल्दैन, सही व्यवहार र नीतिबाट चल्छ । देश र जनताका लागि काम गर्दैन, तर दुई-चार नेताको ठगी खाने भाडो भयो भने लोकतन्त्र टिक्दैन । लोकतन्त्रको विकल्प लोकतन्त्र नै हुन्छ, तर नराम्रो धक्का खान्छ कहिलेकाहीं । तर, विकल्प अलि पछि अर्को रूपमा प्रकट हुन्छ, त्यसबीचमा देशले धेरै क्षति व्यहोरिसकेको हुन्छ ।'

एमाले महासचिव शंकर पोखरेलले विचार र दृष्टिकोणका सवालमा, पछिल्लोपटक माओवादीलाई रूपान्तरण गर्ने, संविधान निर्माण, संघीयतालगायत सवालमा ओलीको व्यक्तित्व सिंगो राष्ट्रलाई जोडेर एकताबद्ध गर्न सक्ने सामर्थ्य भएको सबै नेताको पनि महानेताका रूपमा प्रकट भएको स्मरण गरे ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले केपी ओली नेपाली राजनीतिमा पृथक् पहिचान बोकेको सर्वाधिक प्रतिभाशाली नेता भएको बताएकी छिन् । 'संसद्मा केपी शर्मा ओली' पुस्तकको लोकार्पण गर्दै उनले भनिन्, 'पुस्तकका नायक केपी शर्मा ओली समकालीन राजनीतिक नेताहरूमा पृथक् पहिचान बनाउनुभएको नेता हुनुहुन्छ । सर्वाधिक प्रतिभाशाली नेताको रूपमा उच्च स्थान प्राप्त गर्न सफल उहाँ एमालेको अध्यक्ष र प्रधानमन्त्रीसमेत भइसक्नुभएको व्यक्तित्व हुनुहुन्छ ।'

मोटरसाइकल हरायो

मिति २०८०/८/२७ गते अन्दाजी बिहान २:३० बजेको समयमा का.जि.का.म.न.पा.-२६, मित्रनगर स्थित सडकमा पार्किङ गरेको बेला मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको **220 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : कमल थापा मगर
मो.सा.नं.: बा प्र. ०२-०४६-प ३४६२
चेसिस नं. : MD2A13EX6NCM84717
इन्जिन नं. : DKXCNM39054
सम्पर्क न. : 9851121018

सूचना !

यस वित्तीय संस्थाको २२ औं वार्षिक साधारण सभा मिति २०८०/९/२९ गते बस्ने सम्बन्धमा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/९/५ र नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/९/१८ गते सूचना प्रकाशित भए अनुसार सभा सम्पन्न भई सोमा उल्लेख गरे बमोजिमका विषयको सबै प्रस्तावहरु सर्वसम्मत रूपमा पारित भएको र कम्पनी ऐन, २०६३ को दफा ७५ बमोजिम साधारण सभामा भएको काम कारबाहीको विस्तृत विवरण (माईन्यूट) तयार गरी केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) र यस वित्तीय संस्थाको वेबसाइट www.skbbl.com.np मा हेर्न वा डाउनलोड गर्न सकिने गरी राखिएको बेहोरा शेयरधनी महानुभावहरूको जानकारीका लागि अनुरोध छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
(साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएको)
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-४१११८९५/५३२०९१३/५९०९६१२

बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/१०/१७

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको लागि क्यालेण्डर छपाई गर्न आवश्यक भएको हुदाँ इच्छुक रजिष्टर्ड फर्म वा कम्पनीहरूले यस सुचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र कार्यालय समय (अपरान्ह ५:०० बजे) भित्र यस कम्पनीको सामान्य सेवा विभाग, केन्द्रिय कार्यालय, कमलादी, काठमाडौमा निम्न बमोजिमको सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

Page	Size	Paper	Quantity	Binding	Color
3 Sheet 6 Pages (Both Side Print)	20x14 Inch	150 Gsm Art Paper	3,00,000 Pcs	Metal Clips	4 Color Print
16 Pages 8 Leafs	9x7 Inch	250 Gsm Art Paper	10,000-20,000 Pcs	Matt in Stand, Wiro Binding	4 Color Print
16 Pages 8 Leafs	9.75x7.1 Inch	250 Gsm Art Paper	10,000-20,000 Pcs	Matt in Stand, Wiro Binding	4 Color Print

बोलपत्र पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछि कार्यालय खुलेको दिन ५:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला भइसक्नु पर्नेछ ।

आवश्यक कागजातहरु :
- आवेदन पत्र
- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- कार्य दक्षता अनुभवको प्रमाणपत्रको प्रतिलिपि

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...
रजिष्टर्ड कार्यालय: वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालय: क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बर: ५७७-१-५५७०५७१
इमेल: info@nepallife.com.np
वेबसाइट: www.nepallife.com.np

मालपोत अधिकृतसँग साढे चार करोडको गैरकानुनी सम्पत्ति

नयाँ पत्रिका

करिब साढे चार करोड रुपैयाँ गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक शाखा अधिकृतविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरका तत्कालीन मालपोत अधिकृत मीनबहादुर भट्टराईविरुद्ध स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा अख्तियारले मुद्दा दायर गरेको हो । उनी हाल मधेश प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा शाखा अधिकृत (आठौं तह) छन् ।

२६ साउन ०५४ मा सार्वजनिक सेवा प्रवेश गरेका भट्टराईले ३० जेठ ०७९ सम्मको अवधिमा गरेको आम्दानी तथा खर्चको विश्लेषण अख्तियारले गरेको थियो । उक्त अवधिमा पारिश्रमिक आय, अंशबन्डामा लिएको नगद, जग्गा बिक्री, सेयर बिक्री, ऋण सापटी लिएको, भत्ताबापत प्राप्त आय, कृषि आय, बिमा फिर्ता रकम, घरबहाल आय र सवारीसाधन बिक्रीसमेत गरी भट्टराईको कुल वैध आम्दानी पाँच करोड ९४ लाख ६७ हजार रुपैयाँ देखिएको छ । त्यसै अवधिमा जग्गा खरिद, ऋण लिँदा तिरेको कमिसन, बिमा प्रिमियम भुक्तानी, अध्ययन खर्च, सेयर खरिद, ऋण सापटी फिर्ता, विद्युतीय उपकरण खरिद, घरको तला निर्माण, सवारीसाधन खरिद र बैंक मौज्दात गरी भट्टराईको खर्च तथा लगानी १० करोड २३ लाख ९२ हजार रुपैयाँ देखिएको आरोपपत्रमा उल्लेख छ ।

जाँच अवधिमा भट्टराईले गरेको वैध आम्दानीबाट खर्च घटाउँदा आउने चार करोड २९ लाख २५ हजार रुपैयाँ र स्रोत नखुलेका अवधिका विभिन्न 'कट अफ' मितिमा गरेको खर्च तथा लगानी (सम्पत्ति)समेत कुल स्रोत नखुलेको रकम चार करोड ४० लाख १५ हजार पुगेको अख्तियारको दाबी छ । 'आयको तुलनामा निजको खर्च एवं लगानीसहितको सम्पत्ति अमिल्दो र अस्वाभाविक एवं गैरकानुनी सम्पत्ति आर्जन गरेको पाइएको हुँदा निज मीनबहादुर भट्टराईले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आयो,' विशेष अदालतमा पेस गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ । वैधानिक स्रोत नखुलेको त्यही रकमलाई बिगो कायम गरेर अख्तियारले भट्टराईविरुद्ध मुद्दा दायर गरेको छ ।

विश्वव्यापी...

पृष्ठ १ बाट क्रमशः

भ्रष्टाचारले ग्रस्त मुलुक नै हो । पछिल्लो भुटानी शरणार्थीलगायतका भ्रष्टाचार काण्डमा पूर्वमन्त्री, बहालवाला सचिवलगायत उच्चपदस्थ व्यक्तिहरू कारबाहीमा परे । न्यायालयले पनि सन्तोषजनक न्यायसम्पादन गरेको देखियो । उच्चपदस्थले पदीय जिम्मेवारीअनुसार काम गर्दा र भ्रष्टाचारविरुद्ध राज्यका अंगहरू कठोर हुँदा अन्तर्राष्ट्रिय सूचकांक सुधार हुने देखियो,' उनले भने, 'तर, यो अझै पर्याप्त छैन । राज्यका तीनै अंग र तीनै तहका सरकारमा धेरै सुधारको खाँचो छ । धेरै उत्साहित हुनुपर्दैन ।' सूचकांकले १८० देशलाई समेटेको छ । त्यसमा डेनमार्क सबैभन्दा कम भ्रष्टाचार हुने मुलकमा दरिएको छ । डेनमार्कले ९० अंक प्राप्त गरेको छ । सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा सोमालिया सूचीकृत भएको छ । सोमालियाले ११ अंक पाएको छ ।

कुन सूचकमा कस्तो सुधार ? के विषयलाई मानिएको छ आधार ?

प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाहरू बर्टेल्सम्यान फाउन्डेसन, ग्लोबल इनसाइट, भिडिइएम, विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम र वर्ल्ड जस्टिस प्रोजेक्टले प्रकाशित गरेका सर्वेक्षणलाई आधार मानेर सिपिआई २०२३ मा नेपालको स्कोर कायम गरिएको ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले उल्लेख गरेको छ । बर्टेल्सम्यान फाउन्डेसनले पदको दुरुपयोगमा सार्वजनिक पदाधिकारीमाथि कतिको कारबाही हुन्छ र सरकारको भ्रष्टाचार नियन्त्रणको प्रयास कतिको सफल छ भन्ने सर्वेक्षण गरेको थियो । त्यसमा नेपालले ३३ अंक पाएको छ । उक्त शीर्षकमा पछिल्लो तीन वर्षयताको अंक समान छ ।

त्यस्तै, ग्लोबल इनसाइटले व्यापार, व्यवसाय, ठेक्का-पट्टा, आयात निर्यातमा घुस र भ्रष्टाचारबारे सर्वेक्षण गरेको थियो । यो शीर्षकमा पछिल्लो सात वर्षयताको अंक उही अर्थात् ३५ छ ।

भिडिइएमले राजनीतिक भ्रष्टाचारअन्तर्गत संसद्, कार्यपालिका र न्यायपालिका सम्बन्धित भ्रष्टाचारको व्यापकताजस्ता विषयमा सर्वेक्षण गरेको थियो । यसमा भने नेपालले उल्लेख्य सुधार गरेको छ । अघिल्ला दुई वर्षमा ३० अंक रहेको यो शीर्षकमा सन् २०२३ का लागि भिडिइएमले ३५ अंक दिएको छ ।

विश्व बैंकले सरकारद्वारा सार्वजनिक पदाधिकारीहरूको काम-कारबाहीको निगरानी, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच र सीमित व्यक्तिहरूको राज्य सञ्चालनमा पकडबारे सर्वेक्षण गरेको छ । यो शीर्षकमा भने विगत १२ वर्षयताको अंक उही अर्थात् ३५ छ ।

त्यस्तै, वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्का-पट्टा र न्यायिक निर्णयमा भ्रष्टाचारबारे सर्वेक्षण गरेको थियो । यसमा नेपालले ३८ अंक प्राप्त गरेको छ । सन् २०२२ मा पनि यो शीर्षकको अंक ३८ नै थियो ।

अर्को संस्था वर्ल्ड जस्टिस प्रोजेक्टले सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग विषयमा सर्वेक्षण गरेको छ । यो शीर्षकमा नेपालले प्राप्त गरेको अंक ३१ छ । अघिल्लो वर्ष यो अंक ३० रहेकामा सन् २०२३ मा एक अंकको सुधार देखिएको हो ।

अघिल्लो वर्षको तुलनामा सन् २०२३ मा दुई मुख्य शीर्षकमा नेपालले सुधार गरेको देखिएको छ । राजनीतिक भ्रष्टाचारअन्तर्गत संसद्, कार्यपालिका र न्यायपालिका सम्बन्धित भ्रष्टाचारको व्यापकताको शीर्षकमा पाँच अंक र सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोगको शीर्षकमा एक अंकको सुधार देखिएको छ । यी दुई शीर्षकमा देखिएको सुधारले सिपिआई अंकमा एक अंकको सुधार देखिँदा सिपिआई स्थानमा नेपालले दुई अंकको फड्को मार्न सफल भएको हो ।

दक्षिण एसियामा भुटानमा सबैभन्दा कम भ्रष्टाचार, अफगानिस्तानमा बढी

सिपिआई २०२३ अनुसार दक्षिण एसियाली मुलुकमा भुटानमा सबैभन्दा कम भ्रष्टाचार भएको देखिएको छ । सबैभन्दा बढी भ्रष्टाचार अफगानिस्तानमा छ । नेपाल भने भुटान, भारत र माल्दिभ्सपछिको स्थानमा छ ।

प्रतिवेदनअनुसार भुटान २६औं (६८ अंक) स्थानमा छ । भारत र माल्दिभ्स समान ९३ औं (३९ अंक)स्थानमा छन् । यसपछि नेपाल १०८औं स्थानमा छ । श्रीलंका ३४ अंकसहित ११५औं स्थानमा धकेलिएको छ । अघिल्लो वर्ष १०१ औं स्थानमा रहेको श्रीलंका १४औं स्थान तल झरेको छ । पाकिस्तानले २९ अंकसहित १३३औं, बंगलादेश २४ अंकसहित १४९औं र अफगानिस्तान २० अंकसहित १६२औं स्थानमा छ । चीन ४२ अंक प्राप्त गरी ७६ औं स्थानमा छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनल भन्छ-

भ्रष्टाचारविरुद्धको जनचाहना सम्बोधन गर्न सरकार यथाशीघ्र अति गम्भीर हुन जरुरी छ

गत वर्षको तुलनामा केही सुधार भए पनि भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै नेपाल कायम रहेको ट्रान्सपरेन्सी इन्टरनेसनलले उल्लेख गरेको छ । 'यसै परिपेक्ष्यमा सिपिआई २०२३ सूचकांकमा रहेको नेपालको विषम परिस्थितिलाई मध्यनजर गर्दै भ्रष्टाचारविरुद्धको जनचाहना सम्बोधन गर्न सरकार यथाशीघ्र अति गम्भीर हुन जरुरी छ,' ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालद्वारा जारी प्रेस नोटमा भनिएको छ ।

यसका लागि संसद्मा विचाराधीन रहेका भ्रष्टाचारविरोधी ऐन कानुनलाई फितलो बनाउने प्रयास रोक्न, राजनीतिक व्यक्तिउपर भ्रष्टाचारका मुद्दामा निष्पक्ष अनुसन्धान तथा कारबाही गर्न, सार्वजनिक पदाधिकारीहरूको सम्पत्तिको जाँच गरिने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न र राजनीतिक पदाधिकारीहरूद्वारा मन्त्रिपरिषद्को नीतिगत निर्णयका नाममा भ्रष्टाचारको अनुसन्धानबाट उन्मुक्ति पाउने व्यवस्थाको अन्त्य गर्न ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले जोडदार माग गरेको छ ।

त्यस्तै, ट्रान्सपरेन्सी इन्टरनेसनलले आफ्नो प्रेस वक्तव्यमा न्याय प्रणालीको स्वतन्त्रताबाट मात्र भ्रष्ट आचरणमाथि कारबाही बढ्ने र शक्ति सन्तुलन हुनेतर्फ सरकारहरूको ध्यानाकर्षण गरेको छ । सिपिआई २०२३ को विश्वव्यापी सन्देशका रूपमा ट्रान्सपरेन्सीले विगत एक दशकमा सार्वजनिक क्षेत्रको भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा प्रगति हुन नसकेको, सरकारहरू भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा असफल रहेका, कमजोर न्याय प्रणालीले भ्रष्टाचारलाई मलजल पुऱ्याएको र निरंकुश हुन वा लोकतान्त्रिक, नेताहरूले न्यायलाई अवमूल्यन गरेकाले भ्रष्टाचारमा दण्डहिनता बढेको उल्लेख गरेको छ ।

भ्याट छली...

पृष्ठ १ बाट क्रमशः

बुझाउनुपर्ने भएको छ । भाटभटेनीले भ्याटको नक्कली बिल जारी गरी कर छलेको विषयमा सर्वोच्चबाट अन्तिम फैसला आएको हो । न्यायाधीशहरू डा. कुमार चुडाल, टेकप्रसाद ढुंगाना र बालकृष्ण ढकालको पूर्ण इजलासले पुरानो फैसलालाई नै सदर गर्दै कर कार्यालयले निर्धारण गरेको कर तथा जरिवाना रकम कानुनसम्मत रहेको ठहर गरेको हो ।

'खरिद र भुक्तानी भएको कुराको प्रमाण खरिदकर्ता (भाटभटेनी)ले पुऱ्याउनुपर्दछ । आफ्नो दायित्व बिक्रेता भनिएका फर्म वा कम्पनीलाई पन्छाएर पुनरावेदक कम्पनीले दायित्वबाट उन्मुक्ति पाउने हुँदैन,' सर्वोच्चले यसअघि २८ पुस ०७६ मा गरेको फैसलामा भनेको छ । जसलाई मंगलबारको पूर्ण इजलासले सदर गरेको छ ।

भ्याट र आयकर छलेको भन्दै कर कार्यालयले भाटभटेनीलाई एक अर्ब ५३ करोड २५ लाख रुपैयाँ कर तथा जरिवाना निर्धारण गरेको थियो । जसलाई आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकन र राजस्व न्यायाधिकरण कार्यालयले समेत सदर गरेका थिए ।

सर्वोच्चको फैसलापछि भाटभटेनीले कर कार्यालयले निर्धारण गरेको कर, जरिवाना, थप दस्तुर र ब्याज रकम बुझाउनुपर्ने आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीले बताए । 'कर निर्धारण भएको सुरु मितिदेखिको ब्याज जोडिन्छ, उसले के-कति कर तथा जरिवाना तिर्नुपर्ने हो हामी हिसाब गरेर भोलि नै सार्वजनिक गर्नेछौं,' उनले भने, 'भ्याट छलीको एउटा ठूलो मुद्दा टुंगिएको छ ।'

भाटभटेनीले साउन ०६४ देखि ०६७ माघसम्ममा कर भ्याटको नक्कली बिल जारी गरी कर छलेको भन्दै आन्तरिक राजस्व कार्यालयले पटकपटक गरी २४ करोड २९ लाख ५० हजार रुपैयाँ असुलउपर गर्नुपर्ने निर्णय गरेको थियो । जसलाई आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकन र राजस्व न्यायाधिकरणको कार्यालयले सदर गरेका थिए ।

त्यस्तै, भ्याटको नक्कली बिल-बिजक जारी गरी खर्च कट्टी गरी आयकरसमेत छलेको भन्दै ठूला करदाता कार्यालयले आर्थिक वर्ष ०६४/६५ देखि ०६७/७८ सम्ममा एक अर्ब २८ करोड ९५ लाख ८२ हजार रुपैयाँ संशोधित कर निर्धारण गरेको थियो । जसलाई विभागको प्रशासकीय पुनरावलोकन र राजस्व न्यायाधिकरणले सदर गरेका थिए ।

विभाग र राजस्व न्यायाधिकरण कार्यालयको फैसलाअनुसार एक अर्ब ५३ करोड २५ लाख ३२ हजार रुपैयाँ कर तथा जरिवाना तिर्नुपर्ने भएपछि भाटभटेनीले त्यसका विरुद्ध सर्वोच्चमा पुनरावेदन गरेको थियो । पटक-पटकको पेसी र लामो बहसपछि तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र न्यायाधीश प्रकाशकुमार ढुंगानाको संयुक्त इजलासले २८ पुस २०७६ मा भाटभटेनीको जिकिर नपुग्ने भन्दै विभाग र न्यायाधिकरण कार्यालयकै फैसललाई सदर गरिदियो ।

त्यसपछि पनि भाटभटेनीले सर्वोच्चको फैसला पुनरावलोकनका लागि निवेदन दिए । तर, सर्वोच्चको पूर्ण इजलासले पहिलेकै फैसलालाई सदर गर्दै भाटभटेनीलाई नक्कली भ्याट बिल प्रकरणमा दोषी देखाएको हो ।

काँकडभिट्टा...

पृष्ठ १ बाट क्रमशः

भएर काठमाडौं गएर हामी आन्दोलन गर्नेछौं ।' मेची पुलबाट सुरु भएको मार्च हिँडेरै दश दिनमा चितवन पुग्ने योजना छ भने सोही अवधिमा कञ्चनपुरबाट आउने टोली पनि चितवन पुग्नेछ । १५ दिनमा काठमाडौं पुग्ने लक्ष्य छ । कञ्चनपुरबाट सुरु भएको यात्रामा रहेका संघर्ष समितिका सह-इन्चार्ज दामोदर ढकालले पैदलयात्राका क्रममा पीडितसँग छलफल गरिने बताए ।

मेची पुलबाट हिँडेको ७० जनाको टोली पहिलो दिन झापाको कन्काई नगरपालिकास्थित लक्ष्मीपुरमा आइपुगेको छ । पीडितहरू पहिलो दिन त्यहाँको एक विद्यालयमा वास बसे । 'हामी यसरी हिँड्दा सार्वजनिक स्थल, पाटीपौवा, धर्मशालामा बस्नेछौं,' उनले भने, 'सबै पीडितले घरबाट नै चामल गुन्द्रुक ल्याएर आउनुभएको छ । त्यही पकाएर खान्छौं ।' बाटोमा एकीकृत हुँदै ठूलो टोली काठमाडौं पुग्ने भनिएको छ ।

संघर्ष समितिकी केन्द्रीय सदस्य घिमिरेले पटक-पटक आन्दोलन गर्दा पनि राज्यले नसुनेपछि सडकमा आउनुपरेको बताइन् । उनले अब निर्णायक आन्दोलनका लागि पीडितहरू काठमाडौं पुग्ने बताइन् । 'राज्यले हाम्रो कुरा सुनेन । बरु पीडितमाथि उल्टै दमन गऱ्यो । बाध्य भएर सडकमा आयौं,' उनले भनिन् ।

संघर्ष समितिले काँकडभिट्टामा मसाल र नाराजुलुससहित आन्दोलनको सुरुवात गरेको थियो । त्यहाँबाट पैदल यात्रामा निक्लिएको टोलीले पूर्व-पश्चिम राजमार्गमा नाराजुलुस गर्दै 'न्याय मार्च' पश्चिमतर्फ लागेको छ । सुरुको दिनमा झापाका मिटरब्याजपीडित र केही मोरङका पीडित सहभागी थिए । अन्य जिल्लामा पनि पीडितहरू जोडिँदै जाने घिमिरेले बताइन् । ६ बुँदे माग राख्दै सुरु गरिएको 'न्याय मार्च'को उद्घाटन संघर्ष समितिका अध्यक्ष अवधेश कुशवाहले गरेका थिए ।

मिटरब्याजसँग सम्बन्धित सम्पूर्ण फर्जी लिखतहरू अवैध घोषणा गर्दै जुनसुकै तहमा भएको पीडितको सम्पत्तिको हक हस्तान्तरण बदर गरी पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने संघर्ष समितिका अध्यक्ष कुशवाहले बताए । मिटरब्याज अपराधसम्बन्धी शक्तिशाली कानुन निर्माण गरी पूर्णाधिकारसहितको अधिकार सम्पन्न न्यायिक आयोग गठन गर्नुपर्ने संघर्ष समितिको माग छ ।

'अनुचित लेनदेन तथा मिटरब्याज जाँचबुझ आयोगले पीडितको पक्षमा काम गर्न सक्दैन । तसर्थ अधिकार सम्पन्न आयोग आवश्यक पर्छ,' अध्यक्ष कुशवाहले भने, 'ऐन पनि पीडितमैत्री छैन । पीडकको पक्षपोषण गर्ने खालको छ । तसर्थ, संशोधन आवश्यक छ ।'

यस्तै, संघर्ष समितिले अदालतमा मिटरब्याजी साहुकारले पीडितमाथि हाल्ने दर्ता र सम्पूर्ण अदालती प्रक्रिया स्थगित गर्ने तथा फैसला भइसकेका मुद्दा आयोगमा खिचाई पुनरावलोकन गरी फर्जी लिखतका आधारमा सजाय कटाइरहेका पीडितको स-सम्मान रिहाइ, जरिवाना मिनाहा र बिगो खारेज गर्नुपर्ने माग अघि सारेको छ ।

यस्तै, मिटरब्याजी साहुकारका कारण भएको आत्महत्या दुरुत्साहन, दुर्व्यवहार, महिलामाथि हुने ज्यादती तथा यौन हिंसा र मानव अधिकार उल्लंघनका अन्य घटनाको गम्भीर छानबिन गरी हदैसम्मको कारबाही गर्नुपर्ने र पीडित तथा मृतकका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने संघर्ष समितिको माग छ ।

आन्दोलनमा सहभागी पीडितले आफ्नो गुमेको घरबार फिर्ता ल्याइदिन आग्रह गरेका छन् । 'हाम्रो गुमेको घरजग्गा फिर्ता ल्याउन सरकारले सहयोग गरोस्,' मिटरब्याजपीडित झापा शिवसताक्षीका महानन्द नेपालले भने, 'हामी बिखलबन्दमा परेर घरजग्गा गुमाउन पुग्यौं । गुमेको सम्पत्ति फिर्ता लिन अन्तिमसम्म संघर्ष गर्छौं ।' मिटरब्याजपीडित दमक- ७ का लालबहादुर मगरले ऋण दिने बहानामा सहुकारले घरबारविहीन बनाएको बताए । 'साहुकारले हामीलाई झुक्याएर दबाब दिएर घरबारविहीन बनाए । अड्डा अदालत जाँदा पनि गुमेको सम्पत्ति फर्काउन सकिएन,' उनले भने, 'बरु उल्टै पीडा पाइयो । सुकुमवासी हुनबाट सरकारले जोगाओस् । अब सरकारसँगै भरोसा छ ।'

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८०/१०/१७

यस बैंकको शाखा नयाँबानेश्वरबाट तपसीलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउँदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

सम्बन्धित कार्यालय : शाखा नयाँबानेश्वर

क्र.स	कर्जाग्राहीको नाम	ठेगाना	बाबुको नाम	बाजेको नाम	उदेश्य	साँवा	२०८० माघ १४ गतेसम्मको ब्याज	जम्मा	धितो मन्जुरीनामा दिने/जमानत दिनेको नाम
१	श्री शुभकामना निर्माण सेवा प्रा.लि सं ईश्वर बास्कोटा	ललितपुर म.न.पा बडा.नं १४, ललितपुर	लोक प्रसाद बास्कोटा	राम प्रसाद बास्कोटा	सरल ठेक्का, हायर प्रचेज तथा ट्रेड फाईनान्स कर्जा	६,५८,४९,३०२	५५,६९,३८९	७,१४,१८,६९१	बिणा गजुरेल, बास्कोटा, रन्जना बास्कोटा, ईश्वर बास्कोटा
२	श्री हिउचुली स्ट्रक्चर्स प्रा.लि सं संजिव दुलाल	मध्यपुर ठिमी न.पा बडा.नं ०१, भक्तपुर			ट्रेड

सूचना प्रविधि विभागमा मर्ज भयो राष्ट्रिय सूचना प्रविधि केन्द्र

चार कम्प्युटर इन्जिनियर थपेर दरबन्दी संख्या ३९ कायम

केन्द्रको अस्तित्व राखेर अब व्यवस्थापनको तरिका बदलिन्छ



■ **नेत्रप्रसाद सुवेदी**, प्रवक्ता
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

राष्ट्रिय सुरक्षा प्रविधि केन्द्र पहिल्यैदेखि सञ्चालनमा छ। केन्द्रको व्यवस्थापनमा जति प्रभावकारिता बढायो त्यति नै विद्युतीय सुशासनका विभिन्न पक्षमा सुधार आउँछ। केन्द्रको अस्तित्व राखेर अब व्यवस्थापनको तरिका बदलिन्छ। अब पुनर्संरचित केन्द्रले काम गर्छ।



- **राष्ट्रिय सूचना प्रविधि केन्द्रमा सहसचिव कार्यालय प्रमुख रहने गरी ४४ कम्प्युटर इन्जिनियर र दुई उपसचिवसहित ५९ दरबन्दी थप**
- **राष्ट्रिय साइबर सुरक्षा केन्द्र सोझै सञ्चार मन्त्रालयअन्तर्गत, दुई कम्प्युटर इन्जिनियर थपेर कुल दरबन्दी १३**

सुवास भट्ट/नयाँ पत्रिका

सरकारले राष्ट्रिय सुरक्षा प्रविधि केन्द्रलाई सूचना प्रविधि विभागमा मर्ज गर्ने निर्णय गरेको छ। गत ९ माघमा बसेको मन्त्रिपरिषद् बैठकले विभाग र केन्द्रसहित राष्ट्रिय साइबर सुरक्षा केन्द्रको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गरेको छ। यससँगै राष्ट्रिय सुरक्षा प्रविधि केन्द्र विभागमातहत आएको छ।

मन्त्रिपरिषद्बाट स्वीकृत दरबन्दी तेरिजअनुसार सूचना प्रविधि विभागमा कम्प्युटर इन्जिनियरको चार दरबन्दी थप गरी साबिकको दरबन्दी संख्या ३५ बाट बढाएर कुल ३९ कायम गरिएको छ। त्यस्तै, राष्ट्रिय सूचना प्रविधि केन्द्रमा सूचना प्रविधि सेवातर्फका कम्प्युटर इन्जिनियर ४४, उपसचिव दुई र सहसचिव कार्यालय प्रमुख रहने गरी कुल ५९ दरबन्दी कायम गर्ने निर्णय गरिएको छ। राष्ट्रिय साइबर सुरक्षा केन्द्र मन्त्रालयअन्तर्गत सोझै रहने गरी स्थापना गर्ने र त्यहाँ कम्प्युटर इन्जिनियरको दुई दरबन्दी थप गरेर कुल दरबन्दी १३ कायम गर्ने संगठन संरचनामा उल्लेख छ।

नयाँ संगठन संरचना र दरबन्दी तेरिजअनुसार अब सूचना प्रविधि विभागमा राजपत्रांकित प्रथम श्रेणी (सहसचिव)का एकजना महानिर्देशक र एक उपमहानिर्देशक रहनेछन्। त्यसमध्ये महानिर्देशकले विभागको नेतृत्व लिनेछन् भने उपमहानिर्देशक राष्ट्रिय सूचना प्रविधि केन्द्रको प्रमुख रहनेछन्। विभागमा प्रणाली परीक्षण शाखा, प्रशासन जनशक्ति विकास शाखा, प्रणाली विकास तथा सञ्चालन शाखा र पूर्वाधार विकास, अनुमति, नियमन तथा मापदण्ड निर्धारण शाखा रहनेछन्। यसरी कुल ३९ जनाको दरबन्दी विभागमा रहनेछ।

राष्ट्रिय सूचना प्रविधि केन्द्र अब विभागअन्तर्गत एकीकृत डाटा व्यवस्थापन केन्द्रका रूपमा रहनेछ। त्यसमा विभागकै एक सहसचिव कार्यालय प्रमुख रहने गरी सूचना प्रविधि शाखा, विद्युतीय प्रणाली सञ्चालन शाखा, आन्तरिक व्यवस्थापन तथा योजना एकाइ, डिजास्टर रिकभरी कार्यालय, हेटौंडा, सूचना प्रविधि एकाइ, प्रशासन एकाइ र विद्युतीय प्रणाली सञ्चालन एकाइ रहनेछन्। केन्द्रमा कुल ५९ जनाको दरबन्दी रहनेछ। त्यस्तै, राष्ट्रिय साइबर सुरक्षा केन्द्र सोझै मन्त्रालयअन्तर्गत रहनेछ। केन्द्र अहिले पनि मन्त्रालयभित्रै छ।

■ के हुन्छन् राष्ट्रिय सूचना प्रविधि केन्द्रका कर्मचारी ?

सञ्चार मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय सूचना प्रविधि केन्द्रमा अहिले अस्थायी र स्थायी गरी ६० जनाको दरबन्दी संरचना छ। त्यसमा नौजना स्थायी छन् भने बाँकी विज्ञ, प्राविधिकसहित करारका कर्मचारी छन्। विकास समिति ऐनअन्तर्गत सञ्चालित केन्द्रमा सरकारले संख्यात्मक रूपमा साबिककै दरबन्दी यथावत् गरिदिएको छ। विभागमा अहिले कार्यकारी निर्देशकमा प्रदीप शर्मा पौडेल छन्। उनको राजनीतिक नियुक्ति हो। केन्द्रलाई विभागमा गाभिएसँगै अब त्यहाँ कार्यरत कर्मचारीको व्यवस्थापनबारे यकिन भएको छैन। नयाँ संगठन संरचना र दरबन्दी तेरिजमा कार्यकारी निर्देशकको पद नभएसँगै खारेज भएको छ। यद्यपि, केन्द्रको प्रकृति विशुद्ध प्राविधिक भएकाले ती कर्मचारी नहट्ने मन्त्रालयका अधिकारीहरू बताउँछन्।

मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदी केन्द्र अब 'हाइब्रिड' संरचनामा जाने बताउँछन्। 'स्वीकृत दरबन्दीमा एउटा लोकसेवाबाट पदपूर्ति हुने र अर्को बजारका प्राविधिक तथा विज्ञ रहने दरबन्दी पनि रहन्छ,' उनले भने, 'साबिकदेखि बसिरहेका प्राविधिक जनशक्तिलाई निरन्तरतन दिन्छौं। यसको योजना मन्त्रालयले तयार गर्छ।' अब पुनर्संरचित राष्ट्रिय सूचना प्रविधिले काम गर्ने प्रवक्ता सुवेदीले बताए।

■ बजेट घोषणामै राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज उल्लेख

राष्ट्रिय सूचना प्रविधि केन्द्रले सूचनाको डाटा बैंकका रूपमा काम गर्दै आएको छ। सरकारी कार्यालयमा रेकर्डको प्रविधीकरण गर्न र सामग्रीको विकास र विस्तारमा केन्द्रले सहयोग गर्दै आएको छ। केन्द्रलाई यस्तै कार्यका लागि स्थापित विभागमा गाभ्ने व्यवस्था बजेटले गरेको हो। सरकारी निकायमा सूचना प्रविधिको प्रयोग प्रवर्द्धन र केन्द्रदेखि स्थानीय स्तरसम्म निजी क्षेत्रअन्तर्गत सूचना प्रविधिको बढ्दो उपयोगलाई व्यवस्थित गर्न, सम्भावित अपराधको जोखिमलाई न्यूनीकरण गर्न तथा त्यसबाट निम्तिन सक्ने विकृति नियन्त्रण गर्न नियमनका लागि विभागले काम गर्छ।

कामको दोहोरोपन हटाउन र खर्च कटौती गर्न भन्दै सरकारले अनावश्यक कार्यालय खारेजी, मर्ज, पुनर्संरचना र हस्तान्तरण गर्ने घोषणा चालू आव ०८०/८१ को बजेटले गरेको थियो। राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज गरी यससम्बन्धी कार्य सूचना प्रविधि विभागले गर्ने बजेटमा उल्लेख थियो।

बजेटमा सरकारले स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा अनावश्यक रहेका २० संस्था खारेजीको घोषणा गरेको थियो। त्यस्तै, उस्तै प्रकृतिका कार्यक्षेत्र रहेका निकायलाई एकआपसमा गाभ्ने, क्षेत्राधिकारका आधारमा प्रदेश तथा स्थानीय तहबाट सञ्चालन र व्यवस्थापन गर्न उपयुक्त हुने विभिन्न पर्यटन प्रवर्द्धन विकास समिति तत्तत् स्थानीय तहमा हस्तान्तरण गर्ने बजेटमा उल्लेख थियो। खारेज हुने निकायको सम्पत्ति तथा दायित्व व्यवस्थापनको कार्य सम्बन्धित मन्त्रालयले मंसिर मसान्तभित्र सम्पन्न गर्नुपर्ने गरी समयसीमा बजेटले नै किटान गरिदिएको थियो।

पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन नपाउने गरी कानुन बनाउने तयारी

सरकारले संसद्को आउने अधिवेशनमा प्रस्तुत गर्ने तयारी गरेको मिडिया काउन्सिलसम्बन्धी विधेयकमा प्रेस काउन्सिलले गर्ने पत्रपत्रिका संपरीक्षणको प्रावधान हटाइएको छ

नयाँ पत्रिका

पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन नपाउने गरी सरकारले मिडिया काउन्सिलसम्बन्धी ऐन बनाउँदै छ। सञ्चार मन्त्रालयले संसद्को आउने अधिवेशनमा प्रस्तुत गर्ने तयारी गरेको विधेयकमा पत्रपत्रिका वितरणसम्बन्धी संपरीक्षणको प्रावधान हटाउने व्यवस्था गरिएको छ। यो प्रावधान हटेसँग पत्रपत्रिका वर्गीकरण गर्ने व्यवस्था रोकिनेछ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० मा भएको पत्रपत्रिका वितरण संपरीक्षणसम्बन्धी व्यवस्थाअनुसार पत्रपत्रिका वर्गीकरण गर्दै आएको छ। सो आधारमा पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्राप्त गर्दै आएका छन्। यदि प्रस्तावित मिडिया काउन्सिल विधेयक जस्ताको तस्तै पास भए पत्रपत्रिकाको वर्गीकरण हुनेछैन। र, उनीहरू लोककल्याणकारी विज्ञापन प्राप्तबाट वञ्चित हुनेछन्।

प्रेस काउन्सिलका सूचना अधिकारी रामशरण बोहराले संसद्मा पेस हुने तयारीमा रहेको मिडिया काउन्सिल विधेयकबाट पत्रपत्रिका वितरणसम्बन्धी संपरीक्षणको प्रावधान हटाइएको जानकारी दिए। 'प्रेस काउन्सिल ऐन, २०४८ मा पत्रपत्रिका वितरण संपरीक्षणसम्बन्धी व्यवस्था छ। सोहीअनुसार पत्रपत्रिकाको वर्गीकरण हुने गर्छ। र, लोककल्याणकारी विज्ञापन वितरण हुन्छ। मिडिया काउन्सिल विधेयकमा भने यो प्रावधान राखिएको छैन। आमसञ्चार विधेयकमा यो व्यवस्था गरिएको छ,' उनले भने।

- **रामशरण बोहरा**
सूचना अधिकारी, प्रेस काउन्सिल नेपाल



प्रेस काउन्सिल ऐन, २०४८ मा पत्रपत्रिका वितरण संपरीक्षणसम्बन्धी व्यवस्था छ। सोहीअनुसार पत्रपत्रिकाको वर्गीकरण हुने गर्छ। र, लोककल्याणकारी विज्ञापन वितरण हुन्छ। मिडिया काउन्सिल विधेयकमा भने यो प्रावधान राखिएको छैन।

- **दामोदरप्रसाद दवाडी**, अध्यक्ष, लोकतान्त्रिक छापामाध्यम राष्ट्रिय समाज



मिडियासम्बन्धी विधेयक संसद्मा पेस हुँदै गरेको सूचना पाएको छु। विधेयकमा पत्रपत्रिका संपरीक्षण गर्ने प्रावधान हटाइएको जानकारी दिइएको छ। सरकारको लोककल्याणकारी विज्ञापन रोक्ने नियत हो, हामीलाई यो मान्य छैन।

तर, सञ्चार मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदी भन्छन्-

मिडिया काउन्सिल विधेयक राय संकलनका लागि कानुन मन्त्रालय पुगेको छ। पास भएर आएलगत्तै मन्त्रिपरिषद्मा जानेछ। त्यसपछि छलफलका लागि संसद्मा पेस हुनेछ। विधेयकमा पत्रपत्रिका संपरीक्षण गर्ने प्रावधान राखिएको छैन। तर, आमसञ्चार विधेयकमा यो व्यवस्था गरिएको छ।

बैठकले पास गरेमा विधेयक छलफलका लागि संसद्मा पेस हुनेछ। सञ्चार मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले मिडिया काउन्सिल विधेयकमा पत्रपत्रिका संपरीक्षणसम्बन्धी प्रावधान नराखिएको जानकारी दिए। पत्रपत्रिका संपरीक्षणसम्बन्धी प्रावधान आमसञ्चार विधेयकमा राखिएको उनले बताए।

'मिडिया काउन्सिल विधेयक राय संकलनका लागि कानुन मन्त्रालय पुगेको छ। पास भएर आएलगत्तै मन्त्रिपरिषद्मा जानेछ। त्यसपछि छलफलका लागि संसद्मा पेस हुनेछ। विधेयकमा पत्रपत्रिका संपरीक्षण गर्ने प्रावधान राखिएको छैन। तर, आमसञ्चार विधेयकमा यो व्यवस्था गरिएको छ। त्यसपछि छलफलका लागि संसद्मा पेस हुनेछ। विधेयकमा पत्रपत्रिका संपरीक्षण गर्ने प्रावधान राखिएको छैन। उक्त विधेयक अहिले आवश्यक राय लिन अर्थ मन्त्रालय पुगेको छ। 'पत्रपत्रिका संपरीक्षण गर्नेसम्बन्धी प्रावधान आमसञ्चार विधेयकमा राखिएको छैन। सो प्रावधान मिडिया काउन्सिल विधेयकमै हुनुपर्ने हो,' मन्त्रालयका एक उच्च अधिकारीले भने।

तत्कालीन प्रधानमन्त्री बिपी कोइरालाको पालामा ०१६ देखि पत्रपत्रिकालाई सरकारले लोककल्याणकारी विज्ञापन दिँदै आएको थियो। जुन अहिलेसम्म पनि जारी छ। यसका लागि प्रेस काउन्सिलले प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० अनुसार पत्रपत्रिका वितरण संपरीक्षण समिति बनाउँछ। समितिले मुलुकभरका पत्रपत्रिकाको वर्गीकरण गर्छ। सोही आधारमा सरकारले प्रत्येक पत्रपत्रिकालाई लोककल्याणकारी विज्ञापन दिँदै आएको छ। यसका लागि वार्षिक ३५ करोड रुपैयाँ खर्च हुने गरेको प्रेस काउन्सिलको भनाइ छ।

सार्वभौमिकताका आधारमा साझा गन्तव्य तय गरौं : भारतीय नेता

नयाँ पत्रिका

भाजपाका पूर्वमहासचिव राम माधवले नेपालको सार्वभौमिकतालाई भारतले सधैं समर्थन गर्दै आएको बताउँदै नेपाल-भारत सम्बन्ध दुवैका लागि महत्त्वपूर्ण रहेको बताएका छन्। मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले कहिलेकाहीं काठमाडौं र दिल्लीबीच बुझाइको दूरी घटबढ भए पनि दुई देशका जनताको सम्बन्ध निकट रहने उनले टिप्पणी गरे।

'कहिलेकाहीं दुई राजधानीबीच दूरी निकै बढेको महसुस गर्छौं, कहिले साह्रै नजिक महसुस गर्छौं। तर, पशुपतिनाथ र काशी विश्वनाथका बीचमा कुनै दूरी छैन। हाम्रा जनताको आस्थामा दूरी छैन,' सेन्टर फर साउथ एसियन स्टडिज र इन्डिया फाउन्डेसनद्वारा मंगलबार आयोजित कार्यक्रममा उनले भने, 'हामी दुई सार्वभौम मुलुक हौं। सार्वभौम मुलुकका सार्वभौम प्राथमिकता, अधिकार र विकल्प हुन्छन्। एक-अर्काको सार्वभौमिकता स्वीकार गरेर साझा गन्तव्य तय गर्नुपर्छ।'

अयोध्यामा ८ माघमा राम मन्दिरको प्राणप्रतिष्ठामा नेपालमा पनि लाखौं दीप जलाइएको र यसले दुई देशका जनतालाई नजिक तुल्याएको उल्लेख गरे। माधवले जनकपुर, अयोध्या र श्रीलंकाको कनेक्टिभिटी तथा बौद्ध सम्पर्क सञ्जाल निर्माणमा सबैले जोड दिनुपर्ने पनि बताए। 'जनकपुर अयोध्या र लंकाबीच राम हाइवे किन नबनाउने ? लुम्बिनी-बोधगया-सारनाथ जोड्ने हाइवे किन नबनाउने ?' उनले प्रश्न गरे।

■ भारतको विकासबाट लाभ चाहन्छौं : परराष्ट्रमन्त्री



परराष्ट्रमन्त्री एनपी साउदले अयोध्यामा राम मन्दिरको प्राणप्रतिष्ठा सनातन धर्मका सबै अनुयायीका लागि महत्त्वपूर्ण घटना भएको बताए। उनले भारतमा पछिल्लो दशक भएको विकासको गतिबाट नेपालले पनि लाभान्वित हुन चाहेको उल्लेख गरे। उनले दुई देश ऋषिमुनि, नदी, हिमालय र शास्त्रले एक-आपसमा जोडेका चर्चा गर्दै सांस्कृतिक सम्पदाको निर्माणमा भारतले गरेको सहयोगको सराहना गरे।

भाजपा प्रवक्ता डा. गुरु प्रकाशले नेपाल भारतको सर्वोच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै पछिल्लो एक दशकमा भारतले नेपाललाई सुरक्षाको चस्माबाट मात्रै नहेरेको टिप्पणी गरे।

राप्रपा महासचिव डा. धवलशमशेर राणाले दुई देशबीच जनतालाई परेको अप्ठ्यारो हटाउनुपर्ने बताए। सेन्टर फर साउथ एसियन स्टडिजका निर्देशक डा. निश्चलनाथ पाण्डेले नेपाल-भारत सम्बन्धसित कसैले प्रतिस्पर्धा गर्न नसक्ने भन्दै जनस्तरको सांस्कृतिक सम्बन्ध थप प्रगाढ बनाउनुपर्ने बताए। दुई देशबीच कनेक्टिभिटीलाई प्रवर्द्धन गर्नुपर्ने उनको भनाइ छ।

■ सत्तागठबन्धन बैठकको निष्कर्ष

कोशी प्रदेशको परिणाम अप्रत्याशित

नयाँ पत्रिका

सत्तारूढ गठबन्धनले राष्ट्रिय सभा निर्वाचनमा कोशी प्रदेशको परिणाम चिन्ताजनक रहेको प्रारम्भिक निष्कर्ष निकालेको छ। राष्ट्रिय सभा निर्वाचनपछि पहिलोपटक मंगलबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको गठबन्धन दलहरूको बैठकमा निर्वाचन परिणामको प्रारम्भिक समीक्षा भएको छ। बृहत् समीक्षा गरेर अगाडि बढ्ने समझदारी नेताहरूबीच भएको छ।

बैठकमा प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मतभार बलियो हुँदाहुँदै पनि कोशी प्रदेशमा अप्रत्याशित परिणाम आएको भन्दै चिन्ता व्यक्त गरेका छन्। उनले गम्भीर समीक्षा गरेर अगाडि बढ्नुपर्ने बताएको बैठकमा सहभागी एक नेताले जानकारी दिए। 'कोशीको परिणामलाई सामान्य रूपमा लिन सकिँदैन। स्पष्ट मतभार हुँदाहुँदै पनि कसरी त्यस्तो परिणाम आयो ?' प्रचण्डको भनाइ उद्धृत गर्दै ती नेताले भने।

गठबन्धनका १९ उम्मेदवारमध्ये कोशीमा कांग्रेसका कृष्णप्रसाद सिटौला र माओवादीकी चम्पादेवी कार्की उम्मेदवार थिए। सिटौला निर्वाचित हुँदा कार्की पराजित भएकी थिइन्।



- **रमेश लेखक**, नेता, कांग्रेस

सत्तापक्षीय गठबन्धमा कोशी प्रदेशमा एक सिट गुमाएका छौं। त्यो विषयलाई लिएर छलफल भएको छ। कोशीमा अप्रत्याशित रिजल्ट आएको छ। यो गम्भीर छ, चिन्ताजनक छ। यसबारे अझ छलफल गर्ने निर्णय भएको छ।

कांग्रेस सभापति शेरबहादुर देउवाले कोशीको परिणाम गठबन्धनको साझा सरोकारको विषय भएको बताएका छन्। 'यो माओवादीको मात्रै नभई गठबन्धनकै साझा विषय हो। थप छलफल गरेर अगाडि बढौं,' देउवको भनाइ उद्धृत गर्दै ती नेताले भने। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भोट क्रसिङले अविश्वासको वातावरण पैदा हुने भन्दै गम्भीर बन्नुपर्ने बताएका थिए। 'कहाँ कमजोरी रह्यो, कोबाट कमजोरी भयो, विस्तृत छलफल गरौं,' नेपालले भनेका थिए।

राष्ट्रिय सभा निर्वाचन परिणामको विषयमा प्रारम्भिक समीक्षा भएको कांग्रेस नेता रमेश लेखकले जानकारी दिए। उनका अनुसार अर्को बैठकमा थप समीक्षा गर्ने समझदारी भएको छ। 'सत्तापक्षीय गठबन्धमा कोशी प्रदेशमा एक सिट गुमाएका छौं। त्यो विषयलाई लिएर छलफल भएको छ,' उनले भने, 'कोशीमा अप्रत्याशित रिजल्ट आएको छ। यो गम्भीर छ, चिन्ताजनक छ। यसबारे अझ छलफल गर्ने निर्णय भएको छ।' पार्टीविशेषभन्दा गठबन्धनकै सरोकारको विषय भएको लेखकले बताए। 'गठबन्धनले १९ जना साझा उम्मेदवार हुनु भनेर बनाइसकेपछि यो पार्टीको उम्मेदवार र त्यो पार्टीको उम्मेदवार भन्ने सवाल नै भएन। उहाँहरू सबै गठबन्धनको उम्मेदवार हुनुहुन्थ्यो। त्यसकारण यो गठबन्धनकै सरोकारको विषय हो। समग्रमा छलफल भयो। थप छलफल हुन्छ,' उनले भने।

राष्ट्रिय सभाको परिणामले सत्तागठबन्धनमा उलटफेर हुने अवस्था नरहेको निष्कर्ष बैठकले निकालेको छ। भोट क्रसिङको विषयमा समीक्षा आवश्यक भए पनि गठबन्धनमा फेरबदलको अवस्था नरहेको नेताहरूले बताएका छन्। 'गठबन्धन एकीकृत छ। गठबन्धनलाई प्रतिकूल प्रभाव पार्ने स्थिति छैन भन्नेमा नेताहरूबीचको बुझाइमा एकरूपता छ। जुन परिणाम आयो, यो अप्रत्याशित छ, गम्भीर छ। यसबारे अलि गम्भीरतापूर्वक छलफल गर्नुपर्छ भन्ने कुरा छ। साझा ढंगले नै छलफल गर्छौं,' लेखकले भने।

Armed Police Force, Nepal Sports & Physical Fitness School
Halchowk, Kathmandu, Nepal
Sealed Quotation (IFQ No: APFN/SPFS/SQ/G/01/2080/081)
Date of publication: **2080/10/17**

1. Armed Police Force, Nepal Sports & Physical Fitness Halchowk, Kathmandu, Nepal invites sealed Quotation from eligible bidders for Procurement of below mentioned goods.
2. Eligible Bidders may obtain further information from the office of Armed Police Force, Nepal Sports & Physical Fitness Halchowk, Kathmandu, Nepal Tel 01-5249025, e-mail: apfspfs.lekha@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee NRs. 1,000/- till 2080/11/03 during office hours.
4. Sealed bids must be submitted to the office of Armed Police Force, Nepal Sports & Physical Fitness School, Halchowk Kathmandu, Nepal on or before 12:00 noon on 2080/11/04, Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 2080/11/04, at the office of Armed Police Force, Nepal Sports & Physical Fitness School, Halchowk Kathmandu, Nepal. Bids must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security amounting to below mentioned respective coloum, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following deposit account as specified below.

Bid Security Amount May be deposited in following Account :
Name of the Bank: Rastriya Banijya Bank, Thamel Branch.
Name of Office : Armed Police Force, Nepal Sports & Physical Fitness School, Halchowk Kathmandu, Nepal.
Office Code No.: 314053511
Deposit Account No. : 1100100102030000
Bidders,Submiting their bid,Should deposit the cost of bidding document in following Account :
Name of the Bank: Rastriya Banijya Bank, Thamel Branch.
Name of Office : Armed Police Force, Nepal Sports & Physical Fitness School, Halchowk Kathmandu, Nepal.
Office Code No.: 314053511
Rajaswa Shirshak No. : 14229

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Contract no	Name of Procurement	Bid security Amount and Minumum Validity Date
APFN/SPFS/SQ/G/01/2080/081/01	Gym Materials	Nrs.45,000/-, 2081/01/18

Barekot Rural Municipality
Office of Rural Municipal Executive
Limsa, Jajarkot
Karnali Province, Nepal
Invitation For Bids
~~Date Of~~ Publication : 2080/10/17 (Jan-31-2024)

Barekot Rural Municipality, Office of Rural Municipal Executive, Limsa, Jajarkot invites bid for eligible bidders for the following works:

S. N.	Contract Identification Number	Description Of Works	Bid Validity Period	Esimated Amount With VAT (NRs.)	Bid Bond Amount	Non-Refundable Fee for Bid Document Purchase (NRs)	Remarks
1	BRM/NCB/ WORKS/ 080/081-03	Invitation for Bid (E-bidding) for Construction of Ward office Building barekot -05, Silingechaur jajarkot	120 days	5,740,783.44	150,000.00	3000.00	

Further Information to bidders;

Last date and time of Bid Submission	2080/11/ 18 (March-01-2024) (upto 12:00 Noon)
Date, Time and Place of Bid Opening	2080/11/ 18 (March-01-2024) ; at 2:00 PM, At Barekot Rural Municipality Office, Limsa, Jajarkot
Bid Security Validity Period	30 Days beyond bid validity period
Account No. for Bid Document Purchase	Agriculture Development Bank,Limsa,Jajarkot , AC.Name Barekot Rural Municipality aantarik Rajaswa Khata 0726401548097091
Account No. for Bid Security Deposit	The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank , Limsa Branch , Account Number : 0726401548097030

1. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Barekot Rural Municipality Office, Limsa ,Jajarkot Contact No: 9846114557
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

Chief Administrative Officer

जातीय विभेदको सैद्धान्तिक आधार

जात व्यवस्थाको सुरुवात वैदिक कालमा भएको मानिन्छ। त्यसअघि वर्ण व्यवस्था थिएन। समाजमा वर्ग विभाजन भने त्यसअघि नै विकसित भइसकेको थियो।



● मेखराज उदय

अग्रलेख

जात व्यवस्था के हो ? यसको सुरुवात कहिले र कसरी भयो ? जातीय विभेद र छुवाछुत अपराधबाट कसरी मुक्ति प्राप्त गर्न सकिन्छ ? जातका आधारमा गरिने विभेद र छुवाछुत प्रथाविरुद्ध राजीतिक र सामाजिक अभियान सञ्चालन गरिरहेका अधिकांश अभियन्तासमेत यी सवाल बुझ्न जरुरी ठान्दैनन्। अर्थात्, यी सवाल गौण ठान्दै मुक्ति आवश्यक रहेको जिकिर गर्दै आइरहेका छन्। विगतमा जात (वर्ण) व्यवस्था राज्यको सैद्धान्तिक, निर्देशक सिद्धान्त, धार्मिक मान्यता मात्रै होइन, बाध्यकारी वैधानिक एवं कानुनी व्यवस्था, सामाजिक–सांस्कृतिक र आर्थिक उत्पीडनको साधन थियो, हो। विश्वका राजनीति, राज्यसत्ता र शासनको साधन धर्म र धर्म शास्त्रहरू हुन्। साध्य भने राज्यसत्ता, शक्ति, सम्पत्ति र राजनीति हुन्। उदाहरणका लागि हाम्रो पूर्वीय दर्शनको यथेष्ट ऐतिहासिक तथ्य, प्रमाण उपलब्ध छैनन्। पौराणिक कथाहरू, जो प्रायः मिथकीय कथा हुन्, तिनै हाम्रा इतिहाससमेत हुन्। पाप र धर्म नै अपराध र न्यायको रूपमा विकसित भए। अर्थात्, पाप लाग्ने कार्य भन्नु गैरकानुनी वा अपराध कर्म हो। धर्म वा पुण्य कर्म भन्नु आधुनिक जमानामा न्यायिक वा वैधानिक कार्य हो। स्मरणीय के भने शासकले आफूअनुकूल धर्म र पाप अर्थात् न्याय र अपराधको सिद्धान्त र नियम निर्धारण गरे। तिनलाई कडाइसाथ लागू गरे। जस्तै- वेद, मनुस्मृति आदि शास्त्रीय पुस्तक नै तत्कालीन कानुनका रूपमा लागू गरिए।

निःसन्देह विधान, ऐन-कानुन निर्माण गर्ने जाति-समुदायले त्यसलाई आफूअनुकूल बनाए र लागू गरे। जात व्यवस्था, महाभारत युद्ध, सेनापति इन्द्रलाई कथित स्वर्गका राजाको मान्यता दिइनु, ब्रह्मालाई सृष्टिकर्ता घोषणा गरिनु इत्यादि आर्य र अनार्य समुदायबीचको सत्ता द्वन्द्वका (धेरैजसो मिथकीय) कथा हुन्। आर्य वा आर्याक, इराक, इरान आदि मुलुक हुँदै विशाल महाभारत भूमिमा प्रवेश गरेको प्रामाणिक इतिहास जीवितै छ। आर्य शब्दबाट इरान शब्द बन्यो, जो अहिले विश्व मानचित्रमा एक देश हो। जुन देशको प्राचीन नाम फारस हो। आर्य घुमन्ते, फिरन्ते जाति थिए। यहाँ अनार्य समुदायको साम्राज्य विकसित भइसकेको थियो। उनीहरूले परिवार, खेतिपाती, पशुपालन, फलाम आदि धातु र औजारको आविष्कार गरिसकेका थिए। अनार्य भन्नाले द्रविड, आस्ट्रिक, मंगोल आदि जाति थिए। आर्य र अनार्यबीच भाषा, धर्म, रङ, शारीरिक बनोट आदिमा भिन्नता थियो। आर्यहरूले यहाँका अनार्य अर्थात् मूलवासी समुदायका खेतिपाती, आवास, पशुपक्षी र तिनका चरन, स्त्री आदि कब्जा गरे। आर्यहरूले आफूभन्दा पृथक् वा कालो वर्ण (रङ) भएका मूलवासी समुदायप्रति घृणाभाव देखाउन उनीहरूलाई दैत्य घोषित गरे। कालो भैंसीलाई दैत्यको प्रतीक मान्दै भैंसीको दूधसमेत अपवित्र करार गरे। तसर्थ मन्दिरमा गाईको दूध पवित्र मानेर चढाइने तर भैंसीको दूध अपवित्र ठानी नचढ्ने नियम बनाए। कालो बिरालोदेखि तर्सने कारणसमेत यही वर्णगत मान्यता हो। यी कुराले धेरै कुरा बताउँछन्। हडप्पा र मोहेनजोदाडो (इ.पू. ३३०० देखि १३०० को बीच)को इतिहासले यही तथ्यलाई प्रमाणित गर्छ। सिन्धु नदी सभ्यतामा आर्य-अनार्यबीच द्वन्द्व र संघर्ष चलि नै रहयो। सत्ता विरासतको संघर्ष अझै समाप्त भएको छैन, बरु आमने-सामने हुँदै छ।

जात व्यवस्थाको सुरुवात वैदिक काल वा सभ्यताको समयमा भएको मानिन्छ। त्यसअघि वर्ण (जात) व्यवस्था थिएन। समाजमा वर्ग विभाजन भने त्यसअघि नै विकसित भइसकेको थियो। वैदिक काललाई दुई भागमा बाँडिएको छ। पहिलो ऋग्वैदिक काल (१५००–१००० ई.पू.) र दोस्रो उत्तर वैदिक काल (१०००–६०० ई.पू.)। वैदिक काल प्राचीन भारतीय संस्कृतिको एक कालखण्ड हो, जति वेला वेदहरू रचना गरिए। हडप्पा सभ्यताको पतनपश्चात् विकसित गरिएको सभ्यता, संस्कृति नै वैदिक सभ्यता हो। 'ऋग्वेद पुरुष सूक्त'मा आधारित व्यवस्था नै वर्णाश्रम व्यवस्था हो। हिन्दू वा ब्राह्मण धर्म वर्णाश्रम धर्म हो, किनभने यसको मुख्य आधार नै वर्ण व्यवस्था वा विभाजन हो। त्यो सूक्तका अनुसार ब्रह्मा भनिने आदि पुरुषको शरीरबाट चार वर्णको उत्पत्ति भयो। ब्रह्माको मुखबाट ब्राह्मण, छातीबाट क्षेत्रीय, पेटबाट वैश्य तथा पैतालाबाट शूद्र वर्णको जन्म भएको उल्लेख गरिएको छ। त्यस्तै भागवत गीताको सार हो, 'वर्णाश्रम व्यवस्था वर्णमा आधारित छ। वर्णको अर्थ रङ नै हो। रङ पुस्तान्तरणसँगै बदलिन सक्छ, तर यो वर्णाश्रम व्यवस्था बदलिँदैन। किनभने यो व्यवस्था जन्मको आधारमा निर्धारण गरिएको छ। जस्तै- कालो वर्णको व्यक्तिको सन्तान गोरो र गोरो वर्णको व्यक्तिको सन्तान कालो वर्णको हुन सक्छन्। तर, शूद्र वर्णको सन्तान शूद्र, ब्राह्मण वर्णको सन्तान ब्राह्मण नै हुन्छ। यहाँ सन्तानको रङ बदलिएजस्तो वर्ण व्यवस्था बदलिँदैन। किनभने वर्ण व्यवस्था जन्मका आधारमा निर्धारित हुन्छ, कर्म वा अन्य आधारमा होइन।'



ब्राह्मणीय धर्म व्यवस्था र हिन्दू अतिवादी राजनीतिको कारण उत्पादित वर्ण (जात) व्यवस्था नामको महामारी संसारभर एउटै समस्या हो। त्यसैले यसको उपचार विधिसमेत एउटै हुनु स्वाभाविक हुन्छ।

श्रीमद् भागवत् गीताका अनुसार स्त्री, वैश्य र शूद्रको पापयोनीबाट जन्म भएको हो। वर्णाश्रम व्यवस्थामा स्त्रीको स्थानसमेत शूद्रकै स्थानमा राखिएको छ। स्त्री वा महिलालाई भूमिसँग तुलना गरिनुका दुइटा कारण छन्। पहिलो, महिलामा सन्तान उत्पादन गर्ने क्षमता हुनुका कारण हो। भूमि वा पृथ्वीमा कुनै अनाज वा कुनै वनस्पतिको बीज झारियो भने उम्रिएजस्तै स्त्रीको कोखमा कुनै पुरुषको वीर्य पऱ्यो भने सन्तान उत्पादन गर्ने अद्भूत क्षमता राख्छन्। दोस्रो कारण भने सामूहिक बसोवासको कालखण्डमा स्त्रीलाई बेलगाम जोकोही पुरुषले भोग गर्न पाउने नियम थियो। त्यसैले शास्त्रहरूमा 'वीर भोग्या वसुन्धरा' अर्थात् जो पुरुष ताकतवर छ, उसले महिलालाई बलपूर्वक नियन्त्रणमा लिई भोग गर्न सक्छ। स्त्रीलाई कुनै वस्तु वा सामानजस्तै दान गर्ने प्रचलन पनि यही सिद्धान्तमा आधारित छ। संस्कृतमा एउटा भनाइ छ, 'स्त्री धनम् सर्व धनम् प्रधानम्।' अर्थात स्त्री (पुरुषको) सबै धनमध्येको प्रमुख धन हो। ब्राह्मण धर्मले स्त्रीलाई धन वा सम्पत्तिको रूपमा परिभाषित गर्छ। कन्यादान यसको एक उदाहरण हो। स्त्रीलाई धन (सम्पत्ति) भनियो भन्ने विरोध आउन थालेपछि आधुनिक समयमा पण्डितहरूले घुमाउरो व्याख्या गरे। भन्दै छन्, स्त्रीलाई धन भनिएको होइन। स्त्रीबाट प्राप्त हुने अर्थात् बिहे हुँदा उनको माइतीबाट प्राप्त हुने धनलाई सबैभन्दा प्रमुख धन भनिएको हो। स्त्रीसँगै प्राप्त गरिने धन अर्थात् दाइजो। दाइजो प्रथा अत्यन्तै घृणित प्रथा हो। त्यस्तै धर्मपत्नी घृणित शब्द हो। शास्त्रअनुसार पत्नीको अर्थ दासी, कमारी आदि हो। तसर्थ धर्मपत्नी अर्थात् धर्मले दिएको दासी। धर्मअनुसार (पुरुषले) राखेको दासी। स्मरण रहोस्, सती प्रथा जीवित रहुन्जेल ब्राह्मण धर्म विश्वकै सबैभन्दा ठूलो आततायी धर्म थियो। स्त्रीलाई मरेको पतिको लाससँगै जिउँदै जलाइने कुप्रथाले धर्म नै घृणित बन्न पुग्यो।

हुन त कतिपय दलित, उत्पीडित समुदायको संघर्षरत अभियन्ताको कुतर्क यस्तो पनि सुनिन्छ, जातीय मुक्तिका लागि निरपेक्ष नेपाली समाधानको बाटो खोजौं। भारत वा अन्य देशको कुरा वा समाधानको बाटो त्यागौं। यो कुतर्कको कुनै जवाफ छैन। किनभने जातीय व्यवस्था र छुवाछुत प्रथा नेपालको उत्पादन होइन। केही वर्षअघि पूरा विश्वमा फैलिएको कोरोना महामारीको विश्वभरि एउटै उपचार विधि छ। खोप एउटै छ। नेपालको कोरोना र भारत, अमेरिका, चीन, बेलायत, जापान वा कोरियामा कोरोनाको भाइरस एउटै भएकाले त्यसको उपचार विधि र खोप पनि समान भएका हुन्। केही दशकअघि ठूलो महामारीका रूपमा फैलिएको र धेरै मानिसको ज्यान लिएको बिफर फरक देशमा फरक भाइरसका कारण भएको थिएन। विश्वमा बिफरबाट मुक्ति दिलाउने भ्याक्सिन पनि एउटै हो। क्यान्सरको उपचार विधि विश्वभर उस्तै हुन्। त्यसैले ब्राह्मणीय धर्म व्यवस्था र हिन्दू अतिवादी राजनीतिको कारण उत्पादित वर्ण (जात) व्यवस्था नामको महामारी संसारभर एउटै समस्या हो। त्यसैले यसको उपचार विधिसमेत एउटै हुनु स्वाभाविक हुन्छ। अन्त्यमा, भारतका प्रसिद्ध जातिवादविरोधी बहुआयामिक व्यक्तित्व महात्मा ज्योति राव फुलेको स्मरणीय भनाइसँगै यो लेखको बिट मार्दौं। उनी भन्छन्, 'मुक्ति संघर्षमा समर्पित भई लागेको व्यक्तिको जाति, समुदाय नसोध्नुस्।' आउनुस् यो अन्याय, अपराधबाट मुक्तिका लागि न्यायप्रेमी, मानवतावादी सबै एकजुट भई लागौं।

@mekhrajuday

३ प्रश्न

एकीकृत समाजवादीका नेता **हस्तबहादुर शाही**लाई



एकीकृत समाजवादीको केन्द्रीय परिषद्ले युवाको प्रतिनिधित्व २० प्रतिशत बनाइरहँदा नेतृत्वको उमेर हदचाहिँ किन हटाएको ?

हामीले पार्टीमा युवाको प्रतिनिधित्व ४० प्रतिशत हुनुपर्छ भनेका थियौं। तर, ३३ प्रतिशत महिला, दलित, जनजाति, मधेसी सबैको प्रतिनिधित्व सुनिश्चित गर्न २० प्रतिशतमा कायम गरियो। नेतृत्वको उमेर हद हटाउनुमा चाहिँ पहिलो पुस्ताको पदमा नै रहिरहने मनोवृत्तिले काम गऱ्योजस्तो लाग्छ। भोलिको समाजवादी क्रान्तिको अगुवाइ युवाले मात्रै गर्न सक्छ। पहिलो पुस्ताका नेताको अनुभवलाई पुँजीका रूपमा भने लिनुपर्छ। पहिलो पुस्ताले आजीवन नेतृत्व ओगटेर बस्दा युवा नेतृत्वको विकासलाई नै अवरुद्ध पारिरहेको छ।

एकीकृत समाजवादी पार्टी भने सानो, तर विवाद किन धेरै ?

यस विषयमा धेरै प्रश्न छन्। वैचारिक सन्दर्भमा पनि केही मतभेद देखिएका छन्। कार्यशैलीमा पनि मतभेद छ। महाधिवेशनमा हामी यी सबै विषयमा छलफल गर्नेछौं। नीतिलाई विधिमा ढाल्ने कुरामा, सांगठनिक हिसाबमा केही गोलमटोल थियो परिषद् बैठकले त्यसलाई स्पष्ट पार्ने काम गरेको छ।

केन्द्रीय परिषद् बैठक कति सफल रह्यो ?

लोकतान्त्रिक पार्टीमा कुनै पनि सेरेमोनियल कमिटी हुनुहुँदैन। सेरेमोनियल कमिटीले क्रान्ति, आन्दोलनलाई अगाडि बढाउँदैन। तसर्थ, सबैभन्दा महत्त्वपूर्ण कुरा तलदेखि माथिसम्मका सबै कमिटीलाई निर्वाचित बनाउने काम भएको छ। निर्वाचित गर्नेहरू पनि निर्वाचित हुने प्रावधान राखिएको छ। यो जनवाद र आन्तरिक लोकतन्त्रको सुदृढीकरण पनि हो। कार्यकर्ताबाट अनुमोदित नेता, जनताबाट अनुमोदित पार्टी बनाउन खोजेका हौं। हामीले विधानलाई व्यवस्थित गर्ने काम गऱ्यौं। महाधिवेशन तयारीको सन्देश प्रवाह गऱ्यौं। सांगठनिक चुस्ततालाई कायम गऱ्यौं।

प्रेरक प्रसंग

प्रयास नै सफलताको कुञ्जी

एक समयको कुरा हो, गुरुको कठोर र संयमित दिनचर्याबाट प्रभावित भएर एउटा शिष्यले उनको अनुसरण गर्ने निश्चय गर्छ। उसले नरम ओछ्यानमा होइन, परालमा सुत्न सुरु गर्छ। यसरी कठोर दिनचर्याका केही दिन बित्छन्। गुरुले शिष्यको व्यवहारमा केही परिवर्तन देख्छन्। उनी शिष्यलाई तिमी के गर्दै छौ भनेर सोध्छन् ? शिष्य म छिटोभन्दा छिटो दीक्षित हुन कठोर तपस्याको अभ्यास गरिरहेको छु भन्छन्।



उनी मेरो वस्त्रले शुद्ध ज्ञानको खोजलाई दर्साउँछ, शाकाहारी भोजनले मेरो शरीरमा सात्विकता वृद्धि गर्छ अनि सुख सुविधाबाट पर रहँदा आध्यात्मिक पथमा अग्रसर भइरहेको छु भनेर गुरुलाई भन्छन्। उनको कुरा सुनेर गुरु मुस्कुराए। उनले शिष्यलाई खेतमा लिएर गए, जहाँ एउटा सेतो घोडा घाँस चरिरहेको थियो। त्यसलाई देखाउँदै उनले भने, 'तिमीले खेतमा घाँस चर्दै गरेको त्यो घोडालाई देख्यौ। त्यसको छाला सेतो छ। यसले केवल घाँस खान्छ र तबेलामा पत्करमा सुत्छ। के तिमी यो घोडामा थोरै पनि साधुपन देख्छौ ? के तिमीलाई एकदिन यो घोडा समर्थ गुरु हुनेछ जस्तो लाग्छ ? बाहिरी आवरणले कोही पनि साधु वा ज्ञानी बन्न सक्दैन। देखासिखीले कोही पनि सफल हुन सक्दैन। यसका लागि मिहिनेत र कोसिस गर्नु आवश्यक हुन्छ। यदि तिमी कुनै कार्यमा सफल हुन चाहन्छौ भने तिमीले हरसम्भव प्रयास गर्नुपर्छ।'

शिष्यले कुरा बुझ्यो। संघर्ष नै सफलताको कुञ्जी हो। आफ्नो मार्गमा आउने हरसमस्याको तिमीले डटेर सामना गर्नुपर्छ। तब मात्रै हामी आफ्नो जीवनमा सफल हुन सक्छौं।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

वामपन्थी दलमा वैचारिक बहस शून्य

लामो इतिहास बोकेका कम्युनिस्ट पार्टीहरू एक हुन सकेका छैनन्। कम्युनिस्टहरू जब-जब सत्तामा पुग्छन्, फुट्छन्। देश बनाउन होइन, आफू बन्न आएका नेताहरूको महत्त्वाकांक्षाले सहकार्य लामो समय टिक्न नसकेको प्रस्टै छ। कम्युनिस्ट नेताहरूको बोली र व्यवहारमा आकाश-पातालको फरक छ। सहमति एउटा गर्छन्, तर कार्यान्वयन गर्दैनन्, जसका कारण मनमुटाव बढ्छ। वामपन्थी दलहरूमा वैचारिक बहस शून्यजस्तै छ। वाम नेताहरू कुर्सीकै लागि राजनीति गर्न आएकाजस्ता देखिए। एमाले कुर्सी नपाएको रनाहामा छ, माओवादी कुर्सी जाला भन्ने तनावमा। जनताको समस्याप्रति कोही सजग छैनन्। हिजो सर्वहाराको सरकार भन्ने माओवादीका अध्यक्ष प्रचण्ड अहिले प्रम छन्, तर उनको रबैया सर्वहाराको सरकारको जस्तो छ त ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

स्टार्टअपलाई कर्जा !

स्टार्टअप उद्यमीले पाँच वर्षका लागि २५ लाखसम्म सहुलियत कर्जा पाउने व्यवस्था निकै राम्रो हो। नेपालजस्तो अल्पविकसित देशका लागि स्टार्टअपलाई प्रोत्साहन गर्नुले नै आर्थिक विकासतर्फको यात्रा सुनिश्चित गर्न सक्छ। सरल र कार्यविधि ल्याएर यस्तो कर्जा सुविधा दिने व्यवस्था गरिनुपर्छ। प्रक्रियालाई झन्झटिलो बनाइयो भने प्रभावकारी हुनेछैन।

● **सुभाष खड्का**
बालकोट, भक्तपुर

अध्यागमनको बेथिति रोक

भिजिट भिसाको सेटिङमा संलग्न कर्मचारीको मात्रै होइन, तिनका परिवारको समेत सम्पत्तिलाई छानबिनको दायरामा ल्याएर कर्मचारीले चलाइरहेको भ्रष्टाचारको दुश्चक्रलाई तोड्ने प्रयास गर्नुपर्छ। गैरकानुनी काम-कारबाही रोक्नुपर्ने कर्मचारी नै गिरोह बनाएर यस्ता कुकर्ममा लागेपछि देश कसरी उँभो लाग्छ ? अध्यागनको बेथिति निकै पुरानो समस्या हो। यसको गम्भीर समाधान खोजिनुपर्छ।

● **रामजी प्रसाई**
कपन, काठमाडौं

अनैतिक नेताबाट आशा राख्नु बेकार

माघ १४ गतेको नयाँ पत्रिकामा मेघराज शंकरको 'राजनीतिक नेतृत्वमा नैतिकताको संकट' लेख पढें। लेखकका सात कुरा सात-सात लाखका छन्! निश्चय नै लेखकले नेपाली परिप्रेक्ष्यको उदाहरण दिएर एउटा विषयको उठान गरेका छन्, जसको कसीमा गान्धीबाहेक विश्वका कुनै पनि नेता टिक्न सक्दैनन्। मेरो विचारमा इमानदारीको स्थान प्रथम हो न कि प्रतिबद्धताको। छिमेकी भारतसँग हाम्रो सन्दर्भ दाँजेर पनि हामी मन्जिलमा पुग्न सक्छौं। भ्रष्टाचार भारतमा पनि कम छैन, तर सर्वोच्च पद प्रधानमन्त्री र राष्ट्रपतिमध्ये कसैमा पनि खोट हत्तपत्त निकाल्न सकिँदैन। अमेरिकामा ट्रम्पले आठ करोड ३३ लाख डलर जरिवाना तिर्नुपरेको छ। भारत अमेरिकाभन्दा कता हो कता बढी नैतिकवान् देखियो। नेहरूले सर्वस्व राष्ट्रलाई दान दिए। लालबहादुर शास्त्री 'देखनमा छोटन तर घाव गरे गम्भीर' थिए। इन्दिराले त नयाँ इतिहास नै रचिन्। चन्द्रशेखरले भारत त के नेपालमा समेत प्रजातन्त्रका लागि योगदान गरे। मोदीको कुरै छाडौं। एउटा चायवालाले सम्पूर्ण विपक्षीलाई पानी पिउन बाध्य पारेको छ। तर, नैतिकताको कमीले गर्दा जहानियाँ शासनबाट मुक्ति पाए पनि हामी जहाँको तहीं छौं। यही कुरा मेरो छातीमा शूलजस्तै घसिरहन्छ। बिपीले मौकै पाएनन्। भट्टराई र मनमोहनलाई पनि सफल हुने दिइएन। अब जनताले आफ्नो पुर्पुरोमा हात राख्नेसिवाय केही उपाय देखिरहेको छैन। किनभने गर्तमा खसिसकेको नेतृत्वबाट देश माथि उठ्ने आशा राख्नु बेकार छ।

● **डा.शिवशंकर यादव**, छपकैया, वीरगन्ज

विश्वलाई गाँजेको 'पोलिक्राइसिस'

जसरी सामाजिक सञ्जालले व्यक्तिको ध्यान खिच्न प्रतिस्पर्धा गर्छन्, त्यसरी नै वैश्विक संकटले पनि प्रतिस्पर्धा गरिरहेका छन्



● मार्क लिओनार्ड

देश/विदेश

यो वर्षको डाभोसमा भएको विश्व आर्थिक मञ्च सामान्य रहेन, बरु सदाझैं थकित र बिलखबन्दमा थियो। राजनीतिज्ञ संकटलाई कहिल्यै खेर जान दिनुहुँदैन भन्न मन पराउँछन्, तर नेतागणलाई आजको 'पोलिक्राइसिस' (बहुआयामिक संकट)ले सम्मेलन पूर्ण रूपमा गाँजेको थियो।

अहिले हाम्रा सामु कैयन् व्यक्तिगत चुनौती एक ठाउँमा आएका छन्। आजका संकट एक-अर्कासँग जोडिएका छन् र कुन संकट बलियो हुने भन्नेमै प्रतिस्पर्धा भइरहेको छ। बढ्दो भूराजनीतिक तनाव र मध्यपूर्वमा बढ्दो द्वन्द्वको पृष्ठभूमिमा लालसागरमा जहाजमाथि भइरहेको हुथी आक्रमण विश्वव्यापी अर्थतन्त्रमा असहजताको स्रोत बनेको छ। त्यसमाथि चक्रीय मौसम प्रवृत्ति र जलवायु परिवर्तनको दीर्घकालीन प्रभावले मध्य अमेरिकामा खडेरीको अवस्था निम्त्याएको छ, नतिजा पानामा नहरबाट हुने ढुवानीमा पनि कटौती भएको छ।

गाजा युद्धको मानवीय क्षति दिन-प्रतिदिन बढ्दै गएको छ र प्यालेस्टिनीको मृत्युको संख्या अहिले २५ हजार नाघेको छ। डाभोसको विभिन्न प्यानल छलफलमा अमेरिकी अधिकारी र विभिन्न युरोपेली एवं अरब कूटनीतिज्ञले क्षेत्रीय एकीकरण र दुई-राज्यीय समाधानमार्फत युद्ध रोक्नका लागि आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन्।

युक्रेनको रक्षाका लागि अमेरिका र युरोपबाट घट्दै गएको समर्थनको बीचमा मध्यपूर्वमा बढेको ध्यानाकर्षणले राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई सामरिक नक्सामा आफ्नो देशको स्थिति पुनर्स्थापित गर्न धौधौ परेको छ। डाभोस सम्मेलनको ठीक अगाडि जेलेन्स्कीले राष्ट्रिय सुरक्षा सल्लाहकारको बैठक आयोजना गरेका थिए, जहाँ उनको सम्बोधन भावुक थियो। त्यसपछि युक्रेनी प्रतिनिधिलाई एआईदेखि विश्वव्यापी व्यापारसम्मको संवादमा संलग्न हुन पठाइएको थियो, जहाँ यी विषयलाई निरन्तर रूपमा युक्रेनमा चलिरहेको द्वन्द्वसँग जोड्न भनिएको थियो।

अन्ततः युक्रेन र मध्यपूर्व दुवैको संकटलाई सम्बोधन गर्न के गर्न सकिन्छ भन्नेबारे व्यापक सहमति भएको छ। गाजाको सन्दर्भमा सहमतिका पाँच मुख्य तत्त्व प्रस्तावित गरिएका थिए। पहिलो, बाँकी रहेका इजरायली बन्धकलाई मुक्त गर्ने सम्झौता। दोस्रो, इजरायल र अरब छिमेकीबीच क्षेत्रीय सामान्यीकरणतर्फ जाने। तेस्रो, दुई-राज्य समाधानतर्फ यथार्थपरक मार्ग ठम्याउने। चौथो, प्यालेस्टिनी प्राधिकरणलाई पुनर्जीवित गर्न क्षेत्रीय प्रयास गर्ने। र अन्त्यमा, इजरायलको लेबनानसँगको उत्तरी सीमामा खुला शत्रुपन हटाउने।

युक्रेनको सम्बन्धमा पत्रकार थोमस फ्राइडम्यानसँगको कुराकानीमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले युरोपेली संघ र नाटोको सदस्यताका लागि युक्रेनले यथार्थपरक दृष्टिकोण राख्नुपर्ने तर्क गरेका थिए। तर, ब्लिन्केन युक्रेनलाई बलियो सैन्य, आर्थिक र लोकतान्त्रिक अवस्थामा राख्ने दायित्व पनि पश्चिमको हो भन्ने ठान्छन्। यी सबै एकदमै तार्किक देखिन्छन्, तर सबैभन्दा महत्त्वपूर्ण बाधा यो निर्णायक चुनावी वर्षमा राजनीतिक अवरोधसँग महत्त्वाकांक्षालाई जोड्नु हो। यद्यपि इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन अनिश्चित कालसम्म सत्तामा रहन दृढ देखिन्छन्।

अमेरिकी लोकतन्त्रको संकट श्रोताको दिमागमा राम्रोसँग गढिएको थियो। डोनाल्ड ट्रम्प व्यक्तिगत रूपमा डाभोसमा उपस्थित नभए पनि उनको नाम सम्मेलनभरि छाएको थियो। धेरैले बाइडेन प्रशासनसँग ब्लिन्केन र अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले प्रस्ताव गरेका समाधान पछ्याउन पर्याप्त राजनीतिक पुँजी छ कि छैन भनेर प्रश्न गरेका थिए। र, यदि दुवैले आफ्नो नीति प्राथमिकताहरू पछ्याउन सके भने पनि ट्रम्पले जिते के हुनेछ भनेर पनि प्रश्न गरेका थिए।



तस्बिर : फेब्रिच कोफ्रिनी/एएफपी

बहुआयामिक संकटबीच पनि एआईले सबैको ध्यान भने खिचेको थियो। प्रविधि कम्पनीका ठुल्ठूला नाम डाभोस सम्मेलनमा उपस्थित थिए, जसमा ओपनएआईका स्याम अल्टमेन, माइक्रोसफ्टका सत्या नडेला, गुगलका पूर्वकार्यकारी अध्यक्ष एरिक स्मिड, डिपमाइन्डका सहसंस्थापक मुस्तफा सुलेमान उपस्थित थिए। मौजुदा अवसर र जोखिमको हिसाब गर्दा उपस्थित सबै एआईले एकदमै नौलो चुनौती ल्याएकोमा सहमत थिए।

एआई नियमन, राज्यको उपयुक्त भूमिका र आगामी दिनमा कस्तो प्रगतिको अपेक्षा गर्ने भन्ने विषयमा गम्भीर छलफलको कुनै कमी थिएन। तर, एआईको उपयोगिताबारे भएको असहमति देखेर म सबैभन्दा प्रभावित भएँ। सुलेमान र उनका प्रविधि साथीले एआई आगो वा विद्युत्जस्तै उपयोगी हो भन्ने दाबी गरेका थिए, तर इतिहासकार नियाल फर्ग्युसनले एआई र क्रिप्टो पूर्ण रूपमा अतिरञ्जित विषय भएको दाबी गरेका थिए।

जसरी सामाजिक सञ्जालहरूले व्यक्तिको ध्यान खिच्न प्रतिस्पर्धा गर्छन्, त्यसरी नै वैश्विक संकटले प्रतिस्पर्धा गरिरहेका छन्। अप्रत्यासित उपायमा नयाँ र अप्रत्यासित कारकको अन्तर्क्रियाले समाधानको खोजीलाई अझ जटिल बनाउँदै अभिभूतको भावना सिर्जना गरिरहेको छ। ७० भन्दा बढी क्षेत्राधिकारमा मतदान गर्न योग्य चार अर्ब मानिसको सहभागितामा हुन गइरहेको सन् २०२४ चुनावले अझ अनिश्चितता थपेको छ।

मानिसहरू चिन्तित हुनु कुनै आश्चर्यको विषय होइन। मेरो आफ्नै संगठन युरोपियन काउन्सिल अन फरेन रिलेसन्सको एउटा नयाँ सर्वेक्षणले विगत १५ वर्षका पाँच ठूला संकट औंल्याएको छ। सन् २००८ पछिको समय, सन् २०१५ को आप्रवासन संकट, कोभिड-१९, युक्रेन युद्ध र जलवायु परिवर्तन, यी पाँच संकट हुन्। यी पाँच संकटले युरोपेलीलाई 'संकट समूह'मा विभाजित गरिदिएको छ। यो विभाजनका क्रममा राजनीतिक पहिचानको प्रतिस्पर्धाको नयाँ संकट थपिएको छ।

सर्वसाधारण मानिसबाट विच्छेद भएका छन् भन्दै हामी बारम्बार डाभोसमा भेला हुने राजनीतिज्ञ, व्यवसायी अगुवा र कूटनीतिज्ञप्रति असन्तुष्ट व्यक्त गर्छौं। यद्यपि, आजको ध्यान अर्थतन्त्रमा यी व्यक्ति त्यस्तै बिलखबन्दमा छन्, जसरी यिनले प्रतिनिधित्व गर्ने मानिस बिलखबन्दमा छन्।

(लिओनार्ड युरोपियन काउन्सिल अन फरेन रेलेसन्सका निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मानव मस्तिष्कमा चिप प्रत्यारोपण

इलोन मस्कले मंगलबार उनको कम्पनी न्युरालिंकले एकजना बिरामी व्यक्तिको मस्तिष्कमा चिप प्रत्यारोपण गरेको घोषणा गरेका छन् । मस्कले उनकै स्वामित्वमा रहेको समाजिक सञ्जाल कम्पनी एक्समा पोस्ट गर्दै उक्त प्रात्यारोपणको प्रारम्भिक नतिजा 'उत्साहप्रद' रहेको जानकारी गराएका छन् । उनले सो प्रविधिको नाम मानसिक रूपमा सञ्चार गर्ने क्षमतालाई जनाउन प्रयोग गरिने अंग्रेजी शब्द 'टेलिप्याथी' राखिएको पनि बताएका छन् ।

'हिजो न्युरालिंकबाट पहिलोपटक एक मानवले प्रत्यारोपण हासिल गरे । प्रत्यारोपणपछि उनको स्वास्थ्यमा सुधार भइरहेको छ । प्रारम्भिक नतिजाले उनको स्नायुमा हलचल बढाएको (न्युरोन स्पाइक) देखाएकाले आशा बढाएको छ,' मस्कले एक्समा लेखेका छन् । मस्कको स्वामित्वमा रहेको कम्पनी न्युरालिंकले बनाएको मस्तिष्कमा प्रत्यारोपण गर्न सकिने चिप गत वर्ष लामो प्रयासपछि अमेरिकी औषधि र उपचार पद्धतिलाई स्वीकृति दिने नियामक संस्था 'युएस फेडरल एन्ड ड्रग्स (एफडीए' पास भएको थियो ।

कसरी काम गर्छ ?

मस्कले एक अलग पोस्टमा उनको कम्पनीले बनाएको उपकरण प्रत्यारोपण गरिएपछि त्यसले व्यक्तिको मस्तिष्कलाई अन्य कुनै पनि इलेक्ट्रोनिक उपकरणसँग जोड्ने दाबी गरेका छन् ।'प्रत्यारोपित उपकरणले सोचेरै तपाईंको फोन र कम्प्युटर चलाउन सकिन्छ, जुनमार्फत अन्य कुनै उपकरण चलाउन सकिन्छ । (यस उपकरणको) प्रारम्भिक प्रयोगकर्ता हातखुट्टा गुमाएका हुनेछन् । यदि स्टफिन हकिङले (उनको कम्प्युटरमा) टाइपिस्टले भन्दा छिटो



आफ्नो भनाइ राख्न सक्ने अवस्था । हाम्रो लक्ष्य त्यो हो,' उनले भने ।

प्रत्यारोपण गरिने चिप्स र त्यसमा रहेका अन्य उपकरण कपालभन्दा पातलो 'अत्यन्त-मसिनो' धागोजस्तो हुनेछ । न्युरालिंकका अनुसार त्यसलाई सामान्य शल्यक्रियामार्फत मस्तिष्कमा राखिसकेपछि मस्तिष्कका संकेत प्रसारण गर्न सक्छ, जसलाई विद्युतीय उपकरणलाई निर्देशन दिन प्रयोग गर्न सकिन्छ ।

कति सुरक्षित ?

न्युरालिंकले मानव मस्तिष्कमा परीक्षण अनुमति पाउनुअघि पशुहरूमा गरिएको परीक्षणमा कैयौं जनावरमा पक्षाघात हुने, काम्ने, दिमाग सुन्निनेजस्ता समस्या देखिएको थियो । यी तथ्य लगानीकर्ताबाट लुकाएकोमा कम्पनीको पहिले आलोचना भएका थियो ।

यिनै विवादबीच एफडिएले यसको मानव प्रयोगलाई अनुमति दिन ढिलो गरेको थियो ।

चुनावको एक साताअघि इमरानलाई जेल सजाय



इस्लामाबाद/ पाकिस्तानी पूर्वप्रधानमन्त्री इमरान खानलाई १० वर्ष जेल सजाय सुनाइएको छ । वासिङटन र इस्लामाबादबीचको गोप्य दस्ताबेज सार्वजनिक गरेको अभियोगमा विशेष अदालतले मंगलबार खानलाई उक्त सजाय सुनाएको हो ।

अदालतले इमरान खानको पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई) पार्टीका उपाध्यक्ष तथा पूर्वविदेशमन्त्री साह महमुद कुरैसीलाई पनि १० वर्ष जेल सजाय सुनाएको छ । रावलपिन्डीको अदियाला जेलभित्र स्थापित विशेष अदालतले उनीहरू दुवैलाई उक्त सजाय सुनाएको हो । दुवैलाई आदिया जेलमा राखिएको छ ।

गोप्य ऐनअन्तर्गतको सजाय आमचुनावको एक साताअघि आएको छ, जसमा उनलाई उम्मेदवार हुनबाट रोक लगाइएको छ । साइफर घटनासमेत भनिने उक्त मुद्दा खान प्रधानमन्त्री हुँदा वासिङटनस्थित पाकिस्तानी राजदूतले इस्लामाबादमा पठाएको गोप्य कूटनीतिक पत्राचारको चुहावटमा केन्द्रित छ । प्रधानमन्त्री हुँदा वासिङटनस्थित पाकिस्तानी दूतले इस्लामाबाद पठाएको गोप्य कूटनीतिक पत्र चुहावट गरेको खानमाथि आरोप लागेको छ ।

सन् २०२२ मा विश्वासको मत प्राप्त गर्न नसकेपछि पदमुक्त भएका खान भ्रष्टाचार अभियोगमा दोषी ठहरिएपछि हाल तीन वर्षको जेल सजाय भोगिरहेका छन् । उनले आफूमाथि लगाइएका सबै आरोप राजनीतिप्रेरित भएको बताएका छन् । पूर्वप्रधानमन्त्री खानले आफूविरुद्ध लगाइएको आरोप अमेरिकी षड्यन्त्र भएको दाबी गर्दै आएका छन् । उनको पिटिआई पार्टीले भ्रुटो मुद्दामा सजाय सुनाइएको प्रतिक्रिया दिएको छ । विशेष अदालतको आदेशविरुद्ध उच्च न्यायालयमा चुनौती दिने पार्टीले जनाएको छ ।

पाकिस्तानमा निर्वाचन हुनुभन्दा एक साताअघि पूर्वक्रिकेटरसमेत रहेका खानमाथि अदालतले उक्त सजाय सुनाएको हो । ८ फेब्रुवरीमा पाकिस्तानमा आमनिर्वाचन हुँदै छ । खानलाई यसअघि नै उम्मेदवार हुन वञ्चित गरिएको छ ।

इतिहासमा आज



सन् २०१९ : 'क्वाटेर्नी साइन्स रिपभ्यु'मा आजकै दिन प्रकाशित एक अध्ययनले १६औं शताब्दीमा अमेरिकी महादेशलाई उपनिवेश बनाउने क्रममा युरोपेली औपनिवेशिक शक्तिले अति उच्च संख्यामा आदिवासीहरू मार्दा पृथ्वीको तापक्रम घटेर सानो स्तरको हिमयुग आएको खुलासा गऱ्यो ।

सन् १९१९ : सोभियत संघमा चलेको शक्ति संघर्षमा परिजित नेता लियोन त्रोत्स्की विजेता स्टालिनबाट देश निकाला गरिए । उनी रुसबाट निर्वासित भएर टर्कीमा बस्न थाले ।

सन् १९५८ : अमेरिकाले 'एक्स्प्लोरर प्रथम' नामक अन्तरिक्षयान आजकै दिन प्रक्षेपण गऱ्यो ।

सन् १९६१ : ह्याम नामक चिम्पान्जी अन्तरिक्ष पुग्ने पहिलो प्राइमेट(वनमान्छे) बन्यो ।

सन् १९६८ : नाउरुले आफूलाई अस्ट्रेलियाबाट स्वतन्त्र भएको घोषणा गऱ्यो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका ऋणीहरुले उपभोग गरेको ऋणको बाँकी साँवा, ब्याज लगायतका अन्य बक्यौता र कम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋणको शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत सो बाँकी साँवा ब्याज लगायतका अन्य बक्यौता रकम भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपशिलका ऋणीहरुको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋणको कार्डको सम्पूर्ण बाँकी साँवा, ब्याज र अन्य बक्यौता रकम भुक्तान गर्नुहोला । अन्यथा बाँकी बक्यौता भुक्तानी नगर्ने ऋणीको कार्ड होल्डरहरुको नाम कालोसूचीमा समावेश गर्नुका साथै प्रचलित ऐन कानुन तथा यस बैंकसंग गरेको लिखत बमोजिम बैंकको आफ्नो लेना रकम असुल उपर गरिने छ ।

तपसिल

ऋणीहरुको विवरण

१) अमृत बास्तोला ना.प्र.प.नं.: ३५४२५ स्थायी ठेगाना: चितवन जिल्ला, पिप्ले गा.वि.स वडा नं. ०९ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ३१ बाबु : हरि बहादुर बास्तोला बाजे : मन बहादुर बास्तोला कर्जा शिर्षक : क्रेडिट कार्ड	**२) रोशन गामाल** ना.प्र.प.नं.: ३१-०१--७३-०१२८३ स्थायी ठेगाना: मकवानपुर जिल्ला, चित्लाङ्ग गा.वि.स वडा नं ०४ हालको ठेगाना:ललितपुर जिल्ला, महालक्ष्मि न.पा वडा नं. ०२ बाबु : श्री कृष्ण गामाल बाजे : रत्न लाल गामाल कर्जा शिर्षक: क्रेडिट कार्ड	**३) दिलमाया सुनार** ना.प्र.प.नं.: ५१२ स्थायी ठेगाना: कञ्चनपुर जिल्ला, कालिका गा.वि.स वडा नं. ०७ हालको ठेगाना:काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १४ बाबु : पूर्ण बहादुर सुनार पति : नर बहादुर सुनार कर्जा शिर्षक : क्रेडिट कार्ड	**४) श्रवन रंजीत** ना.प्र.प.नं.: २८४६ स्थायी ठेगाना:मकवानपुर जिल्ला मैसे गाँउ फचायत वडा नं. ०१ हालको ठेगाना:ललितपुर जिल्ला, महालक्ष्मि न.पा वडा नं. ०४ बाबु : चिनीया काजी रंजीत बाजे : श्याम बहादुर रंजीत कर्जा शिर्षक : क्रेडिट कार्ड
५) मिलाप जोसुवा कर्ण ना.प्र.प.नं.: ०५-०१-७०-१४५७६ स्थायी ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. १३ हालको ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं. १० बाबु : मनोज कुमार लाल कर्ण बाजे : रामदेव लाल कर्ण कर्जा शिर्षक : क्रेडिट कार्ड	**६)रमेश वेल्वासे** ना.प्र.प.नं.: १६७६ स्थायी ठेगाना: दाङ जिल्ला, लालमरिया गा.वि.स वडा नं. ०८ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ०५ बाबु : वसन्त कुमार वेल्वासे बाजे : पुनराम बेल्बासे कर्जा शिर्षक : क्रेडिट कार्ड	**७) प्रमेश बावु खड्का** ना.प्र.प.नं.: ०४०५४९ स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर गा.वि.स वडा नं. ११ हालको ठेगाना : काठमाडौं जिल्ला, काठेश्रवरी मनोहरा न.पा वडा नं. ०९ बाबु : राम बहादुर खड्का बाजे : लाल बहादुर खड्का कर्जा शिर्षक : क्रेडिट कार्ड	**८) पंकज केजरीवाल** ना.प्र.प.नं.: १८८२/३९६९६९०५ ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं. ०४ बाबु : जनमोहन केजरीवाल बाजे : सगर मल्ल केजरीवाल कर्जा शिर्षक : क्रेडिट कार्ड
९) ददिराम पराजुली ना.प्र.पं. नं.: ३०-०१-०६७-७८३८ स्थायी ठेगाना: काभ्रेपलान्चोक जिल्ला, मण्डनदेउपुर न.पा वडा नं. ०४ हालको ठेगाना: काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं. १० बाबु : भरत बहादुर पराजुली बाजे : कृष्ण बहादुर पराजुली कर्जा शिर्षक : क्रेडिट कार्ड	**१०) मीरा दहाल खरेल** ना.प्र.प.नं. : २५५३२ स्थायी ठेगाना : भक्तपुर जिल्ला, भौखेल गा.वि.स वडा नं. ०२ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १० बाबु : सोमलाल खरेल पति : राजु दहाल ससुरा : इन्द्र प्रसाद दहाल कर्जा शिर्षक : क्रेडिट कार्ड	**११) कमल शाह** ना.प्र.प.नं. : १४३०६ स्थायी ठेगाना: दोलखा जिल्ला, भीमेश्वर गा.वि.स वडा नं. १२ हालको ठेगाना:काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा वडा नं. ०३ बाबु : छत्र बहादुर शाही बाजे : खड्ग बहादुर शाही कर्जा शिर्षक : क्रेडिट कार्ड	**१२) बरदान थापा** ना.प्र.प.नं. : ०५-०२-७३-०१९६३ स्थायी ठेगाना : मोरङ्ग जिल्ला, उर्लाबारी न.पा वडा नं. ०६ हालको ठेगाना:काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ०७ बाबु : दुर्गा बहादुर थापा बाजे : पुष्प बहादुर थापा कर्जा शिर्षक : क्रेडिट कार्ड
१३) थमन सिंह अधिकारी ना.प्र.प.नं. : ४५-०१-७२-००७४० स्थायी ठेगाना : लमजुङ जिल्ला, बाहुनडाँडा गा.वि.स वडा नं. ०२ हालको ठेगाना : भक्तपुर जिल्ला, चाङगुनारायण न.पा.वडा नं. ०६ बाबु : गोपाल सिंह अधिकारी बाजे : सनमान अधिकारी कर्जा शिर्षक : क्रेडिट कार्ड	**१४) दिवश गुरुङ्ग** ना.प्र.प.नं. : ०३-१-०३५/९६१९८ स्थायी ठेगाना : इलाम जिल्ला, सुलुबुङ्ग गा.वि.स वडा नं. ०२ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ३१ बाबु : भूपालसिंह गुरुङ्ग बाजे : राजविर गुरुङ्ग कर्जा शिर्षक : क्रेडिट कार्ड	**१५) रामचन्द्र शाही** ना.प्र.प.नं. : ११/३००२८ स्थायी ठेगाना : डोटी जिल्ला, कपल्लेकी गा.वि.स् वडा नं. ०८ हालको ठेगाना : कैलाली जिल्ला, घनगढी उप.म.न.पा वडा नं. ०२ बाबु : चेत बहादुर शाही बाजे : अर्जुन बहादुर शाही कर्जा शिर्षक : क्रेडिट कार्ड	**१६)मोहन प्रसाद रिजाल** ना.प्र.प.नं. : ५१७३/२००४ स्थायी ठेगाना: काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं. ३५ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं.०४ बाबु : कृष्ण प्रसाद रिजाल बाजे : देवी प्रसाद रिजाल कर्जा शिर्षक : क्रेडिट कार्ड
१७) घन कुमार गुरुङ्ग ना.प्र.प.नं. : ९८०१३ स्थायी ठेगाना : गोरखा जिल्ला, आरुपोखरी गा.वि.स वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०५ बाबु : गणेश बहादुर गुरुङ्ग बाजे : तुल बहादुर गुरुङ्ग कर्जा शिर्षक : क्रेडिट कार्ड	**१८) दिवस राज भट्टराई** ना.प्र.प.नं. : ९३१९ ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १६ बाबु : दुर्गा प्रसाद भट्टराई बाजे : राम प्रसाद भट्टराई कर्जा शिर्षक : क्रेडिट कार्ड	**१९) मेदिनी कुमार कर्माचार्य** ना.प्र.प.नं. : १०१९४/४९३७/१० ९३४/४२४२१ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १६ बाबु : गणेश लाल कर्माचार्य बाजे : भैरव लाल कर्माचार्य कर्जा शिर्षक : क्रेडिट कार्ड	**२०) मनोज कुमाल** ना.प्र.प.नं. : ४४-१६-७५-००१०१ स्थायी ठेगाना : गोरखा जिल्ला, पालुङटार न.पा वडा नं. ०७ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा वडा नं. ०१ बाबु : हरि बहादुर कुमाल बाजे : भोटे कुमाल कर्जा शिर्षक : क्रेडिट कार्ड
२१) मुकेश कुमार मिश्रा ना.प्र.प.नं. : ३५७०२६६४ स्थायी ठेगाना: सर्लाही जिल्ला, गोडैता गा.वि.स वडा नं. ०१ हालको ठेगाना:ललितपुर जिल्ला, महालक्ष्मि न.पा वडा नं. ०१ बाबु : दिगम्वर मिश्रा बाजे : फेकन मिश्रा कर्जा शिर्षक : क्रेडिट कार्ड	**२२) अमित कुमार मिश्र** ना.प्र.प.नं. : ३२३०२४/३०२ स्थायी ठेगाना: रौतहत जिल्ला, पचरुखी गा.वि.स/उ.म.न.पा वडा नं. ०८ हालको ठेगाना : पर्सा जिल्ला, विरगंज म. न. पा. वडा नं. १५ बाबु : भाग्य नारायण मिश्र बाजे : श्री दहौर मिश्र कर्जा शिर्षक : क्रेडिट कार्ड	**२३) विक्रम फूयाल** ना.प्र.प.नं.: ६५६३/४५१४३/५३८६५ स्थायी ठेगाना: काठमाडौं जिल्ला, गागलफेदी गा.वि.स वडा नं. ०७ हालको ठेगाना:काठमाडौं जिल्ला, काठेश्वरी मनोहरा न.पा वडा नं. ०७ बाबु : कृष्ण प्रसाद फूयाल बाजे : दुर्गा प्रसाद फूयाल कर्जा शिर्षक : क्रेडिट कार्ड	**२४)माधव पोखेल** ना.प्र.प.नं. : ५३-०१-७५-०१६९९ स्थायी ठेगाना : प्युठान जिल्ला, भिकमरुक गा.पा वडा नं. ०१ हालको ठेगाना:रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. ०२ बाबु : लेखनाथ पोखेल बाजे : तोय नारायण पोखरेल कर्जा शिर्षक : क्रेडिट कार्ड
२५) इन्दिरा लामा ना.प्र.प.नं. : ३७/९९ स्थायी ठेगाना : धादिङ जिल्ला, जीवनपुर गा.वि.स वडा नं. ०६ हालको ठेगाना: रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. १२ बाबु : फौदमान लामा पति : प्रताप तामाङ ससुरा : कृष्ण बहादुर तामाङ कर्जा शिर्षक : क्रेडिट कार्ड	**२६) रेशम कुमाल** ना.प्र.प.नं. : ४२२०४१/१/५१७ स्थायी ठेगाना : स्याङ्जा जिल्ला, वालिङ गा.वि.स वडा नं. ०१ हालको ठेगाना: काठमाडौं जिल्ला, पोखरा म.न.पा वडा नं. ०८ बाबु : विर बहादुर कुमाल बाजे : पहल मान कुमाल कर्जा शिर्षक : क्रेडिट कार्ड	**२७) संगीता गुप्ता** ना.प्र.प.नं. : ३८-०१-७९-०२६२९ स्थायी ठेगाना: किपिलवस्तु जिल्ला, महाराजगंज न.पा वडा नं. ११ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.प.म.न.पा वडा नं. ०७ बाबु : बाल किशुन गुप्ता पति : संजय कुमार गुप्ता कर्जा शिर्षक : क्रेडिट कार्ड	**२८) ब्रिजेश पासवान** ना.प्र.प.नं. : ८७८६० स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. १२ हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. १५ बाबु : भरत पासवान बाजे : लालमुनी पासवान कर्जा शिर्षक : क्रेडिट कार्ड
२९) भरत गोपाल चन्द्र सुनाम ना.प्र.प.नं. : २०१०५४/१५३० स्थायी ठेगाना : सिन्धुली जिल्ला, कमलमाई न.पा वडा नं. ०६ हालको ठेगाना: काठमाडौं जिल्ला, ठोखा न.पा वडा नं. ०३ बाबु : झलक बहादुर दमाई बाजे : विष्णु सुनाम कर्जा शिर्षक : क्रेडिट कार्ड	**३०) अमृत शाही** ना.प्र.प.नं. : ५७२०३७/२६/७० स्थायी ठेगाना : कैलाली जिल्ला, पथरैया गा.वि.स वडा नं. ०२ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०४ बाबु : राम बहादुर शाही बाजे : शेर बहादुर शाही कर्जा शिर्षक : क्रेडिट कार्ड	**३१) अभिशेक कुमार पंडित** ना.प्र.प.नं. : १७-०१-७३-०८१६५७ स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं. ०८ हालको ठेगाना:काठमाडौं जिल्ला, ठोखा न.पा वडा नं. ११ बाबु : उमेश पंडित बाजे : कपिल देव पंडित कर्जा शिर्षक : क्रेडिट कार्ड	**३२) अभिनीत सिंह** ना.प्र.प.नं. : ८१४/३८५८ स्थायी ठेगाना : कैलाली जिल्ला, नारायणपुर गा.वि.स वडा नं. ०६ हालको ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. १२ बाबु : नरेन्द नाथ सिंह बाजे : काशी नाथ सिंह कर्जा शिर्षक : क्रेडिट कार्ड
३३) विनोद अधिकारी ना.प्र.प.नं. : ८२३७०३ स्थायी ठेगाना : तनहुँ जिल्ला, ब्यास गा.वि.स वडा नं. ०१ हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. ०७ बाबु : दिलीप अधिकारी बाजे : डिल्लीराम अधिकारी कर्जा शिर्षक : क्रेडिट कार्ड	**३४) भवानी प्रसाद ढुंगाना** ना.प्र.प.नं. : २१८३९ स्थायी ठेगाना: कैलाली जिल्ला, दोरोधरा गा.वि.स वडा नं. ०९ हालको ठेगाना: कैलाली जिल्ला, टिकापुर न.पा वडा नं. ०१ बाबु : ईश्वर दत ढुंगाना बाजे : चन्द्र देव ढुंगाना कर्जा शिर्षक : क्रेडिट कार्ड	**३५) राम चन्द्र ओली** ना.प्र.प.नं. : २४०२८-११०७ स्थायी ठेगाना: दोलखा जिल्ला, पवठी गा.वि.स वडा नं. ०५ हालको ठेगाना : काठमाडौं जिल्ला, काठेश्वरी मनोहरा न.पा वडा नं. ०७ बाबु : विष्णुराज ओली बाजे : लक्ष्मी प्रसाद ओली कर्जा शिर्षक : क्रेडिट कार्ड	**३६) रंजन विक्रम साह** ना.प्र.प.नं. : ४४१८९६७३ स्थायी ठेगाना: सप्तरी जिल्ला, कंन्चनुर गा.वि.स वडा नं. ०७ हालको ठेगाना: रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ०४ बाबु : शिव नन्दन प्रसाद साह बाजे : दुर्गा प्रसाद साह कर्जा शिर्षक : क्रेडिट कार्ड
३७) शषाङ्क दाहाल ना.प्र.प.नं. : ७३७१६ स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. ०५ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. ०४ बाबु : शंकर प्रसाद दाहल बाजे : दिनानाथ दाहाल कर्जा शिर्षक : क्रेडिट काड			

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

Upakar Laghubitta Bittiya Sanstha Limited
उपकार
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

संस्थापकहरूलाई बाँडफाँड गरिएको शेयरको लक इन (Lock In) अवधि समाप्त भएको बारेको अत्यन्त जरूरी सूचना

यस उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको साधारण शेयर मिति २०७८/१२/२५ गतेदेखि मिति २०७८/१२/३० गतेसम्म सर्वसाधारणमा (कर्मचारीहरू समेतमा) निष्काशन तथा बिक्री खुल्ला गरी मिति २०७९/०१/०९ गते बाँडफाँड गरिएको व्यहोरा अनुरोध छ । नेपाल धितोपत्र बोर्डको पत्र संख्या: ८०/८१, चलानी नं.: १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीको संस्थापक शेयर धनीहरुलाई बाँडफाँड गरिएको शेयर लक इनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम लक इनमा राखिएको र उक्त शेयर मिति २०८०/१०/१६ मा लक इनको समायावधि समाप्त भएको हुँदा यस संस्थाका संस्थापक शेयरधनीहरुलाई तथा नियामक निकायहरू लगायत अन्य सम्पूर्ण सरोकारवालाहरूमा जानकारीका लागि अनुरोध छ ।

यस संस्थापक शेयरधनीहरूको लक इनमा रहेको शेयर सम्बन्धी विवरण :

संस्थापकहरू शेयरधनीहरुलाई बाँडफाँड गरिएको शेयर संख्या : ४,२०,०००/-

कुमारी बैक लिमिटेड शाखा कार्यालय जितपुर, बाराको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/१७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड शाखा कार्यालय जितपुर, बारावाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न पटक पटक लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन ०३ गते बिहीबार**का दिन शाखा कार्यालय जितपुर, बारामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१ ऋणीहरुको विवरण:

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय वीरगंजमा मिति २०६२/१२/१५ मा प्रा.फ.र.नं.२४७२८/०६२/६३ कायम भई दर्ता रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १४ स्थित रजिष्टर्ड कार्यालय रहेको **नागेन्द्र स्टोर** (प्रोप्राइटर हरि महत्तोको नाति, भीखारी महत्तो/पावर्ती देवीको छोरा, मधुरी देवीको पति, पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १४ (साविक पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४) वस्ने **नागेन्द्र प्रसाद महत्तो** (ना.प्र.नं. १६०३२४९५९, जारी मिति २०५५/०४/०६, जिल्ला प्रशासन कार्यालय पर्सा) ।

२. हरि महत्तोको नाति, भीखारी महत्तो/पावर्ती देवीको छोरा, मधुरी देवीको पति, पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १४ (साविक पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४) वस्ने **नागेन्द्र प्रसाद महत्तो** (ना.प्र.नं. १६०३२४९५९, जारी मिति २०५५/०४/०६, जिल्ला प्रशासन कार्यालय पर्सा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. हरि महत्तोको नाति, भीखारी महत्तो/पावर्ती देवीको छोरा, मधुरी देवीको पति, पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १४ (साविक पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४) वस्ने **नागेन्द्र प्रसाद महत्तो** (ना.प्र.नं. १६०३२४९५९, जारी मिति २०५५/०४/०६, जिल्ला प्रशासन कार्यालय पर्सा) ।

२. गौरी शंकर महत्तोको नातिनी, शिव पुजन महत्तो/सुगन्द देवीको छोरी, भीखारी महत्तो/पावर्ती देवीको बुहारी, नागेन्द्र प्रसाद महत्तोको पत्नी, पर्सा जिल्ला, विरगंज म.न.पा., वडा नं. १४ (साविक पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४) वस्ने **माधुरी देवी** (ना.प्र.नं. ४२१२, जारी मिति २०६६/०७/१५, जिल्ला प्रशासन कार्यालय पर्सा) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **नागेन्द्र प्रसाद महत्तो**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, विरगंज उ.म.न.पा./म.न.पा. वडा नं. १६ स्थित कित्ता नं. ४२, १२४, २५७, २५९ र ६७० को क्षेत्रफल क्रमशः ०,०१३५, ०,००७८, ००१३८.००, ०००३३.०० र ००१९३.०० (व.मी.) को घर/जग्गा र ऐ.ऐ.वडा नं १४ स्थित कित्ता नं. ५३ को क्षेत्रफल ००२४५.८ (व.मी.) को जग्गा र घर जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०७१/११/२० मा प्रा.फ.र.नं. ३६२५/२०७१/७२ कायम भई दर्ता रहेको बारा जिल्ला, गढीमाइ न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु एस.ड

पुनर्बिमा कम्पनीहरूको चुक्ता पुँजी २० अर्ब पुऱ्याउने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल बिमा प्राधिकरणले पुनर्बिमा कम्पनीहरूको चुक्ता पुँजीको न्यूनतम सीमा बढाउने तयारी गरेको छ। हाल पुनर्बिमा कम्पनीको चुक्ता पुँजीको न्यूनतम सीमा १० अर्ब रहेको छ। अब २० अर्ब रुपैयाँ हाराहारीमा तोक्ने योजना प्राधिकरणले बनाएको हो।

हाल नेपालमा दुई पुनर्बिमा कम्पनी सञ्चालनमा छन्। सरकारी स्वामित्वको नेपाल रि-इन्स्योरेन्सको १२ अर्ब ८१ करोड ३५ लाख र हिमालयन रि-इन्स्योरेन्सको १० अर्ब चुक्ता पुँजी छ। उनीहरूको चुक्ता पुँजी थप बढाउने सन्दर्भमा अध्ययन अघि बढाइसकेको प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले जानकारी दिए। अध्ययन सकिएपछि पुनर्बिमा कम्पनीलाई पुँजी बढाउन निर्देशन दिइने उनको भनाइ छ। 'जीवन बिमा कम्पनीको चुक्ता पुँजी नै आठ-नौ अर्ब रुपैयाँ हाराहारीमा आइसक्यो। त्यसमाथि नेपालमा बिमा व्यवसाय तथा बिमायोग्य जोखिम बढ्दो क्रममा छ,' उनले भने, 'त्यो अवस्थामा पुनर्बिमा कम्पनीहरूले हालकै चुक्ता पुँजीबाट यहाँको जोखिम धारण गर्न सक्दैनन्। त्यसैले पुँजी बढाउनैपर्नेछ। अध्ययन सकिएपछि निश्चित समय अवधि दिएर पुँजी बढाउन निर्देशन जारी गर्नेछौं।'

बिमा व्यवसायको पनि बिमा गर्नु 'पुनर्बिमा' हो। यो बिमा कम्पनी र पुनर्बिमा कम्पनीबीच हुने कारोबार हो। बिमा कम्पनी आफैंले सबै जोखिम बहन गर्न सक्दैनन्। तसर्थ, कम्पनीहरूले निश्चित जोखिम आफ्नोमा राखेर बाँकी रि-इन्स्योरेन्स कम्पनीमा बिमा (जोखिम हस्तान्तरण) गर्छन्। आफ्नो कम्पनीमा दाबी परेमा रि-इन्स्योरेन्सबाट पनि दाबी रकम लिन सकिनेछ।

नेपाली बिमा कम्पनीहरूले अनिवार्य रूपमा ३० प्रतिशतको अनुपातमा स्वदेशी रि-इन्स्योरेन्समा नै पुनर्बिमा गर्नुपर्छ। अहिले बिमा कम्पनीहरूको व्यवसायको आकार र सम्भावित जोखिम बढ्दै गएपछि रि-इन्स्योरेन्स कम्पनीमा जोखिम तथा दायित्व बढ्दै गएको छ। त्यसले गर्दा पनि पुनर्बिमा कम्पनीको चुक्ता पुँजी बढाउन दबाब सिर्जना भएको प्राधिकरणका उपकार्यकारी निर्देशक साम्भराज लामिछानेले बताए।

'यसबारे अध्ययन अघि बढिसकेको छ। अध्ययनले के निष्कर्ष निकाल्छ ? त्यसका आधारमा बोर्डमा प्रस्ताव पठाउनेछौं। साथै, अर्थ मन्त्रालयको पनि राय लिनुपर्छ,' उनले भने, 'त्यसपछि यसबारे निर्णय हुनेछ। बिमा बजारको अवस्था र जोखिम हेर्दा पुनर्बिमा कम्पनीको न्यूनतम चुक्ता पुँजी २० अर्ब हाराहारीमा पुऱ्याउनुपर्ने देखिन्छ। अध्ययनले यो बेन्चमार्कलाई तलमाथि गर्न सक्छ।'

यसअघि चैत ०७८ मा जीवन र निर्जीवन बिमा कम्पनीको न्यूनतम नियामकीय चुक्ता पुँजी १५० प्रतिशतले बढाउन निर्देशन दिएको थियो। यसअघि दुई अर्ब रहेको जीवन बिमा कम्पनीको चुक्ता पुँजीलाई पाँच अर्ब र यसअघि एक अर्ब रहेको निर्जीवन बिमा कम्पनीको चुक्ता पुँजीलाई दुई अर्ब ५० करोड पुऱ्याउन निर्देशन दिइएको थियो। त्यसको दुई वर्षपछि प्राधिकरणले पुनर्बिमा कम्पनीको पनि पुँजी बढाउन लागेको हो। सम्भवतः हकप्रद सेयरमार्फत पुनर्बिमा कम्पनीलाई पुँजी बढाउने दिइने प्राधिकरणका अधिकारीहरू बताउँछन्।

■ तीन जीवन र चार निर्जीवन बिमा कम्पनीको पुग्यो चुक्ता पुँजी

प्राधिकरणले निर्देशन दिएको झन्डै दुई वर्षमा तीन जीवन र चार निर्जीवन बिमा कम्पनीले मात्रै तोकिएको न्यूनतम पुँजी कायम गरेका छन्। हाल नेपालमा १४-१४ वटा जीवन र निर्जीवन बिमा कम्पनी सञ्चालित छन्। त्यसमध्ये जीवन बिमातर्फ नेपाल लाइफ इन्स्योरेन्सको आठ अर्ब २० करोड, हिमालयन लाइफ इन्स्योरेन्सको आठ अर्ब दुई करोड र नेसनल लाइफ इन्स्योरेन्सको पाँच अर्ब एक करोडबराबरको चुक्ता पुँजी छ। यो प्राधिकरणले तोकेको न्यूनतम चुक्ता पुँजीको सीमा (पाँच अर्ब) भन्दा बढी हो।

यसैगरी, निर्जीवनतर्फ चार बिमा कम्पनीले मात्रै तोकिए (दुई अर्ब ५० करोड)अनुसार चुक्ता पुँजी कायम गरेका छन्। त्यसमा आइजिआई प्रुडेन्सियल इन्स्योरेन्सको तीन अर्ब दुई करोड, सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको दुई अर्ब ८० करोड, शिखिर इन्स्योरेन्सको दुई अर्ब ६५ करोड र सगरमाथा लुम्बिनी इन्स्योरेन्सको दुई अर्ब ६२ करोड चुक्ता पुँजी कायम छ।

तोकिएअनुसार चुक्ता पुँजी नपुगेका कम्पनीहरू बोनस सेयर, हकप्रद सेयर र सम्पत्ति बिक्री गरेर पुँजी थप्ने योजनामा छन्। कतिपय कम्पनीहरूले हकप्रद सेयर निष्कासनको सैद्धान्तिक सहमति माग्दै आवेदनसमेत दिइसकेको प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले जानकारी दिए। नेसनल लाइफ इन्स्योरेन्सको सहायक कम्पनी अर्थात् एनएलजी इन्स्योरेन्सले ६६ प्रतिशतको अनुपातमा हकप्रद सेयर निष्कासन गर्ने गरी प्राधिकरणबाट सैद्धान्तिक स्वीकृत लिइसकेको छ।

सम्झौता भएको पाँच वर्षसम्म पनि जडान भएन टेलिकमको स्मल सेल

सन् २०१९ मा करिब ६५ करोडमा सम्झौता, तर कार्यान्वयन नहुँदा टेलिकमलाई वार्षिक नौ करोड आर्थिक भार

मुना कुँवर/नयाँ पत्रिका

सम्झौता भएको पाँच वर्षमा पनि नेपाल टेलिकम कम्पनीको स्मल सेल प्रविधि जडान हुन सकेको छैन। एक वर्षभित्रमा करिब एक हजार स्थानमा पाँच हजार आठ सय २५ वटा स्मल सेल प्रविधि जडान गर्ने भनिए तापनि हालसम्म प्रविधिसमेत उपलब्ध भएको छैन।

स्मल सेल दूरसञ्चार नेटवर्कको काम सम्पन्न र ड्राइभ टेस्ट भइसकेपछि सिग्नल राम्रो नआउने ठाउँमा राखेर सेवाको गुणस्तर बढाउने प्रविधि हो। धेरै भिडभाड हुने ठाउँ जस्तै, मल, सपिङ सेन्टरलगायतका स्थानमा नेटवर्क कमजोर हुन सक्छ। त्यसैले यस्तो ठाउँमा नेटवर्क उपलब्ध गराउन यस्तो प्रविधि जडान गरिन्छ। नेपाल टेलिकमले दूरसञ्चार नेटवर्क बलियो बनाउने भन्दै नेटवर्क कमजोर हुने विभिन्न स्थानमा स्मल सेल प्रविधि जडान गर्ने योजना बनाएको थियो। यसका लागि कम्पनीले अन्तर्राष्ट्रियस्तरको चाइना कम्युनिकेसन सर्भिस इन्टरनेसनल लिमिटेड (सिसिएसआई)सँग सन् २०१९ फेब्रुअरीमा सिसिएसआई र टेलिकमबीच खरिद सम्झौता भएको थियो। सम्झौता गरेको एक वर्षभित्र (२०२० को फेब्रुअरी)सम्म स्मल सेल प्रविधि जडान गरिसक्नुपर्ने प्रावधान थियो। तर, तोकिएको अवधि समाप्त भएको चार वर्ष पूरा भइसक्दा पनि सिसिएसआईले प्रविधि पनि उपलब्ध गराउन सकेको छैन।

सिसिएसआई र टेलिकमबीच नेटवर्क एकका लागि पाँच हजार तीन सय ४८ र नेटवर्क दुईका लागि तीन सय ८७ वटा स्मल सेल खरिद गर्ने सम्झौता भएको थियो। त्यस्तै, टेलिकमले सिसिएसआईसँग चार प्रकारका (टाइप १, टाइप २, टाइप ३ र टाइप ४) स्मल सेलको खरिदको सम्झौता गरेको थियो। टाइप १, २ र ३, २३०० मेगाहर्जमा चल्ने र टाइप ४, १८०० मेगाहर्जमा चल्ने गरी जडान गर्ने सम्झौता भएको थियो।

तर, सम्झौताको पाँच वर्षको अवधिमा सिसिएसआईले टाइप ४ का एक सय ४० वटा स्मल सेल मात्रै उपलब्ध गराएको टेलिकम स्रोतले बताएको छ। स्रोतका अनुसार सिसिएसआईले उपलब्ध गराएको स्मल सेलमध्ये ३० वटा मात्रै जडान गरेको छ। स्मल सेल प्रविधि जडानका लागि टेलिकमले सिसिएसआई ताकेता गरे पनि आपूर्ति नगरेको स्रोतले बताएको छ।

■ टेलिकमलाई वार्षिक नौ करोड भार

नेपाल टेलिकमले स्मल सेल प्रविधिका लागि फ्रिक्वेन्सी प्रयोग गरेबापत नेपाल दूरसञ्चार प्राधिकरणलाई वार्षिक नौ करोड भुक्तानी गर्दै आएको छ। स्मल सेल जडान नभए पनि फ्रिक्वेन्सी होल्ड गरिएबापत टेलिकमले प्राधिकरणलाई सो रकम बुझाउनुपरेको हो।

तत्कालीन समयमा टेलिकमले प्राधिकरणसँग फोरजी सञ्चालनका लागि ८५० र १८०० फ्रिक्वेन्सी मागेको थियो। त्यस्तै, स्मल सेलका लागि २३०० फ्रिक्वेन्सी मागेको थियो। २३०० फ्रिक्वेन्सी त्यसअघि वाइम्याक्स कम्पनीले प्रयोग गर्दै आएको थियो। वाइम्याक्स बन्द भएपछि टेलिकमले स्मल सेल सञ्चालनका लागि सोही फ्रिक्वेन्सीको माग गरेको हो। प्राधिकरणले फोरजीका लागि ८०० र १८०० फ्रिक्वेन्सी दियो भने स्मल सेलका लागि २३०० नै दियो।

तर, स्मल सेलका लागि फ्रिक्वेन्सीको मूल्य भने अत्यधिक वृद्धि गरिदियो। वाइम्याक्सलाई २३०० फ्रिक्वेन्सी प्रतिमेगाहर्ज चार लाख रुपैयाँमा दिएको प्राधिकरणले टेलिकमको स्मल सेलका लागि भने प्रतिमेगाहर्ज ९० लाख तोक्यो। चर्को मूल्यका कारण टेलिकमले लिएको ३० मेगाहर्जमध्ये २० मेगाहर्ज फिर्ता गऱ्यो भने १० मेगाहर्ज भाडामा लियो। जसको वार्षिक भाडा नौ करोड रुपैयाँ भुक्तानी गर्दै आएको स्रोतले बताएको छ। प्राधिकरणले बाँकी रहेको भाडा र त्यसको ब्याजसहित भुक्तानीका लागि टेलिकमलाई पत्राचार गरिरहेको स्रोतले बताएको छ।

टेलिकमले २०१८ फेब्रुअरीमा फोरजी प्रविधि जडानका लागि टेन्डर आह्वान गरेको थियो। फोरजीसँगै टेलिकमको दूरसञ्चार नेटवर्क नटिप्ने ठाउँमा जडान गर्नका लागि स्मल सेलको खरिदका लागि पनि सम्झौता गरिएको थियो।

टेन्डरमा जेटिई र सिसिएसआईले निवेदन दिएका थिए। दुई कम्पनीमध्ये सिसिएसआईको मूल्य कम भएपछि २०१९ फेब्रुअरीमा टेन्डर अवार्ड गरिएको थियो। त्यतिबेला नै सिसिएसआईले बजारको भन्दा धेरै मूल्य कम प्रस्ताव गर्दा नै सिसिएसआईको नियतमा शंका लागेको टेलिकम स्रोतको भनाइ छ। अहिले सिसिएसआईले सम्झौताअनुसारको स्मल सेल प्रविधि नभएको जानकारी दिएको स्रोतले बताएको छ। सम्झौताभन्दा फरक खालको प्रविधि जडान गर्ने प्रस्ताव गरेको छ। तर, यस विषयमा टेलिकमले भने कुनै निर्णय लिन नसकेको उनले बताए।

■ पेनाल्टी भराउन टेलिकम असमर्थ

स्मल सेल प्रविधि सञ्चालन नगरी वार्षिक करोडौं खर्च गर्दै आएको टेलिकमले तोकिएको समयमा प्रविधि जडान नहुँदासमेत पेनाल्टी भराउन सकेको छैन।

सिसिएसआईसँगको सम्झौताअनुसार कम्पनीले तोकेको समयमा प्रविधि जडान गर्न नसकेमा प्रतिहप्ता पेनाल्टी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कुल रकमको प्रतिसाता शून्य दशमलव ५ प्रतिशत पेनाल्टी रकम सिसिएसआई कम्पनीबाट भुक्तानी गराउन सकिने स्रोतको भनाइ छ।

स्मल सेल जडानका लागि सिसिएसआईसँग करिब ६५ करोडमा सहमति भएको थियो। सो रकमको प्रतिहप्ता शून्य दशमलव ५ प्रतिशतले पेनाल्टी गणना गर्दा ३२ लाख ५० हजार भुक्तानी गर्नुपर्छ। २०८ सातामा करिब ६७ करोड पेनाल्टी पुगिसकेको स्रोतले बताएको छ। तर, सो रकम असुलमा टेलिकमले कुनै कदम भने चालेको छैन।

यसै विषयलाई लिएर अख्तियारमा उजुरीसमेत परेको छ। स्मल सेल समयमा जडान नगर्दा टेलिकमको नेटवर्क कमजोर बन्दै गएको, आम्दानी गुम्दै गएको र अनावश्यक आर्थिक भार परेको भन्दै अख्तियारमा उजुरीसमेत परेको छ। यस विषयमा टेलिकमका सहप्रवक्ता परमात्मा भट्टराईले भने आफूलाई जानकारी नभएको बताए। उनले भने, 'सबै विषयमा मलाई पनि कहाँ जानकारी हुन्छ र ? आयोजना शाखाले आवश्यक काम गर्दै होला।'



टेलिकमका सहप्रवक्ता परमात्मा भट्टराई भन्छन्–

सम्झौताअनुसार हाम्रो आयोजना शाखाले यस विषयमा हेर्दै होला। सबै विषयमा मलाई पनि कहाँ जानकारी हुन्छ र ? काम कसरी गर्ने र काम नहुँदा के गर्ने भन्ने विषयमा आयोजना शाखाले आफ्नो तर्फबाट काम गर्दै होला।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Global Remit
ग्लोबल रेमिट

पशुपतिको जग्गामा बनेको अवैध संरचना हटाउन निर्देशन

काठमाडौं/ पशुपति क्षेत्र विकास कोषको जग्गामा बनेका अवैध संरचना हटाउन पर्यटनमन्त्री सुदन किराँतीले निर्देशन दिएका छन्। सोमबार मन्त्रालयमा भएको कोषको बोर्ड बैठकमा उनले यस्तो निर्देशन दिएका हुन्।

बैठकको एजेन्डामाथि लिखित निर्णय गराउँदै मन्त्री किराँतीले कोषको जग्गामा व्यावसायिक संरचनाहरू सञ्चालन भइरहेको भन्दै तत्काल एक्सनमा जान कोषका पदाधिकारीलाई निर्देशन दिए। कानुनी प्रक्रिया पुऱ्याएर अवैध संरचना तत्काल खाली गराउने मन्त्रीको निर्देशनबमोजिम बोर्डले निर्णय गरेको बताइएको छ।

पशुपति क्षेत्र विकास कोषको काठमाडौं महानगरपालिका-८, गाँचापोखरीस्थित साबिक कित्ता नम्बर ९३ बाट हालको कित्ता नम्बर १०२, ३३३, ३३५, ११०, ४१९, ३११, २८६, ११२, ११७, २८३ को तीन रोपनी ६ आना एक पैसा जग्गा व्यक्तिले हडपेर घर-भवन बनाई भोगचलन गर्दै आएका छन्।

यस्तै, वडा नम्बर ३ भगवानस्थानमा साबिक कित्ता नम्बर ५१ बाट हालको कित्ता नम्बर १४३, १४४, ६५, २८ को तीन रोपनी आठ आना जग्गामा समेत व्यक्तिले संरचना बनाएर भोगचलन गर्दै आएको बताइएको छ।

सिफलस्थित लामपोखरी रहेको कित्ता नम्बर १३५, १८० र ८३ मा समेत अधिग्रहण गरी व्यक्तिले भोगचलन गर्दै आएका छन्। यी जग्गामा रहेको संरचना हटाउन कानुनी प्रक्रिया पूरा गरी प्राविधिक मूल्यांकन महानगरलाई बुझाउने निर्णय बोर्डले गरेको छ।

बोर्डका सदस्यसमेत रहेका काठमाडौं महानगरका मेयर बालेन साहले प्राविधिक मूल्यांकन आएको एक घण्टाभित्र अवैध संरचना खाली गर्ने बताएको पर्यटन मन्त्रालयको सचिवालयले जनाएको छ। यस्तै, कोषको नाममा देशभरि रहेका जग्गा खोज्न समिति गठन गर्नेसमेत निर्णय भएको छ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/१०/१७ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण सांवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (सांवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क्र.स.	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
